

स्थानीय सरकार

# पहिलो पाइला

## जनताको परीक्षा

वर्ष-२०७९ लाई जनताको परीक्षा हुने वर्ष मान्नुपर्छ । किनकि लोकतन्त्रमा मतदान नै त्यस्तो प्रक्रिया हो, मतदानमा गरिएको गल्ती सच्याउन पनि पाँच वर्ष कुर्नुपर्छ ।






• मदन श्रेष्ठ

“ राजनीतिक अस्थिरताका निम्ति दल विभाजनमा कडाइ गरिएकोमा बितेको वर्ष प्रमुख दल नेकपा विभाजित भएर तीन टुक्रा बन्यो । जसपा फुटेर दुई वटा भयो । जनमोर्चाले समेत आफ्नो सांसद पदमुक्त गर्नुपर्ने अवस्था बन्यो ।

भित्तामा नयाँ भित्ते पात्रो झुण्ड्याउने बेला आएको छ । एक वर्ष पहिले राखिएको वर्ष-२०७८ को भित्ते पात्रो अब इतिहासको अध्ययन गर्न मात्रै काम लाग्नेछ । नयाँ योजनाका निम्ति त्यो भित्ते पात्रो काम लाग्ने छैन । बदलिंदो परिस्थितिका कारण प्रत्येक घरले भित्ते पात्रो नै झुण्ड्याउँछन् भन्ने अवस्था रहेन । किनकि हातहातमा मोबाइल छ, त्यही मोबाइलमा डिजिटल पात्रो हेर्न सकिन्छ । जुनसुकै प्रकृतिका भएपनि अब पुरानो पात्रोले काम गर्ने छैन । नयाँ वर्ष-२०७९ को पात्रो हामीलाई चाहिएको छ, खोजी गर्नेछौं ।

घर र हातका पात्रो फेर्ने बेला स्वभावैले पुरानो पात्रोको समीक्षा हुने नै भयो । अझ पात्रो भनेको जीवनको अंश पनि हो । नयाँ आरम्भ र अन्त्यको सूचक पनि हो । त्यसैले कुनै अंश बिर्सिएर जीवनको समीक्षा पूरा हुन सक्दैन । हरेक नागरिकले बितेको वर्षमा बिताएको जीन्दगीको समीक्षा गर्नुपर्नेछ । नयाँ योजना बनाउनुपर्नेछ, संकल्पसहित ।

उत्सवलाई खुशीका साथ मनाउने प्रवृत्ति बढेकाले नयाँ वर्षमा हरेक नागरिकले कुनै न कुनै संकल्प गर्ने नै भए । बितेको वर्षको सही समीक्षा र नयाँ संकल्पका निम्ति सवैलाई शुभकामना । तर यो आलेखमा वर्ष-२०७८ को राजनीतिक-सामाजिक-सांस्कृतिक र आर्थिक गतिविधिको समीक्षा गर्नेछ । नयाँ वर्षको परिचय दिनेछौं ।

बितेको वर्ष पनि आमनेपालीका निम्ति एकप्रकारले राजनीतिक संक्रमणमै सकियो । अघिल्लो वर्षकै मौज्दात संक्रमणले राम्रोसँग फर्छ्यौट हुने अवसर पाएन । अघिल्लो वर्ष यतिबेला संवैधानिक र राजनैतिक संकटबाट मुलुक गुज्रिरहेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनको असंवैधानिक निर्णय गरेका कारणले संकटग्रस्त अवस्थामा थियौं । ५ पुस २०७७ मा गरिएको प्रतिनिधिसभा विघटनको निर्णय सर्वोच्च अदालतले बदर गरिदिए पनि राजनीतिक निकास हुन सकेको थिएन ।

सरकारको नेतृत्वमा ओली नै थिए भने नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमालेका एउटा धार, जनता समाजवादी पार्टी (जसपा) को एउटा धार र राष्ट्रिय जनमोर्चा वैकल्पिक सरकारको खोजीमा थिए । तर एमालेभित्रको संकटकै कारणले राजनीतिक चित्र प्रष्ट हुन सकेको थिएन । त्यो संकटकै बीच ओलीले ७ जेठ २०७८ को मध्यरात फेरि प्रतिनिधिसभा विघटनको असंवैधानिक निर्णय लिए ।

त्यो निर्णयविरुद्ध एमालेभित्रै माधवकुमार नेपालसहित २३ सांसदले विद्रोह गरे । प्रतिनिधिसभा दोस्रोपटक पुनर्स्थापना हुँदै शेरबहादुर देउवा नेतृत्वमा गठबन्धन सरकार बन्यो । ओली पदमुक्त हुँदा एमाले प्रमुख विपक्षी दल बन्यो । पुनर्स्थापित संसदमा पनि एमालेले चल्न दिएन । एमाले २ भदौ २०७८ मा विभाजित भयो । राजनीतिक संकट कायमै रह्यो ।

ओली नेतृत्व सरकारले गरेका गल्ती देउवा सरकारले निरन्तरता दियो । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई मन्त्रिपरिषदमै कोटा दिइयो । जबराले पनि आफ्ना नातेदार गजेन्द्रबहादुर हमाललाई उद्योग मन्त्री नियुक्त गराए । सरकारको यो निर्णयले न्यायालय पनि संकटमा फस्यो । सर्वोच्चका न्यायाधीशहरुले जबराको राजीनामा माग गर्दै हड्ताल गरे । ८ कात्तिकदेखि १५ मंसिरसम्म बन्दीप्रत्यक्षीकरण बाहेकको मुद्दामाथि सुनुवाइ हुन सकेन । गोला प्रणाली कायम गरेर न्यायालयको संकट हल गरियो ।

तर अझैपनि अधिवक्ताहरुको छाता संस्था नेपाल बार एसोशिएसन जबरालाई पदमुक्त नगरेसम्म आन्दोलन निरन्तरता दिने अडानमा छ । तर चर्को आलोचनापछि सत्ता गठबन्धनले गएको १ फागुनमा जबरालाई महाअभियोग लगाए । महाअभियोग अहिले प्रक्रियामा छ । जबराको निलम्बनसँगै सर्वोच्चमा लामो समयदेखि अवरुद्ध संवैधानिक इजलास चलिरहेको छ । संवैधानिक इजलासमा जबरासहित विपक्षी बनाएर दर्ता भएको संवैधानिक निकायको सिफारिस र नियुक्ति विरुद्ध परेको मुद्दामाथि सुनुवाइ भइरहेको छ ।

एमाले अवरोधका कारण व्यवस्थापिका प्रभावकारी बन्न सकेको छैन । सरकारले पनि विपक्षीको विश्वास जित्न सकेको देखिन्न । तर एमाले अवरोधबीच चालु आर्थिक वर्षको संशोधित बजेट र विवादित परियोजना एमसीसी अनुमोदन भएको छ ।

अर्थात् बितेको वर्ष २०७२ को संविधान र २०७४ को जनादेश बिपरीतका काम भए । संघसहित सातै प्रदेश सरकारमा हलचल भयो । मधेश प्रदेश र सूदुरपश्चिम प्रदेश बाहेक सवै प्रदेश सरकार फेरिए । प्रदेश-१ र बागमतीमा बितेको वर्ष तीन मुख्यमन्त्री बने । यसको असर स्थानीय सरकारमा पनि पऱ्यो । जबकी राजनीतिक स्थीरताको पक्षमा बनेको संविधानलाई २०७४ को जनमतले अनुमोदन गरेको थियो ।

त्यो भनेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वकै सरकार पाँचै वर्ष चल्नुपर्ने थियो । तर नेकपाभित्रको अन्तरकलहकै कारण संवैधानिक भावनामाथि प्रहार भयो भने जनमतको अपमान गरियो । पाँच वर्ष विपक्षीमा बस्नुपर्ने जनमत पाएको कांग्रेस नेतृत्वमा मुलुक चलिरहेको छ । राजनीतिक अस्थिरताका निम्ति दल विभाजनमा कडाइ गरिएकोमा बितेको वर्ष प्रमुख दल नेकपा विभाजित भएर तीन टुक्रा बन्यो । जसपा फुटेर दुई वटा भयो । जनमोर्चाले समेत आफ्नो सांसद पदमुक्त गर्ने निर्णय गर्ने अवस्था बन्यो ।

पाँच वर्षलाई जनप्रतिनिधि बन्नुपर्ने चार प्रतिनिधिसभा सदस्य र १६ प्रदेशसभा सदस्य पदमुक्त भए । राजनीतिक संक्रमणका बेला पार्टी परित्याग गर्नेदेखि ‘ह्वीप क्रस’ गर्नेसम्मको अभियोगमा ती जनप्रतिनिधिहरु पदमुक्त भएका थिए । यसको अर्थ बितेको वर्ष संविधानमाथि गरिएको आक्रमण निस्तेज भएपनि राजनीतिक बेइमानी कायमै छ । गठबन्धनको बहुमतमा सरकारको नेतृत्व गरिरहेका देउवाले प्रधानन्यायाधीशलाई मन्त्री कोटा दिने, राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याएर दल विभाजन गर्ने, राजदूतमा आफन्त सिफारिस गर्ने, गैरसांसदलाई मन्त्री बनाउने, गभर्नरलाई निलम्बन गर्ने जस्ता अप्रिय निर्णय गरेका छन् ।

त्यसैले आउने वर्ष आम नागरिकले विवेक पुऱ्याउनुपर्ने वर्ष बनेको छ । किनकि वर्ष २०७९ चुनावी वर्ष बन्दैछ । ३० वैशाखमा स्थानीय तहको चुनाव हुँदैछ । यो चुनावमा सत्ता गठबन्धनले साझा उम्मेद्वार खडा गर्ने तयारी गरेको छ भने त्यसविरुद्ध विपक्षी एमाले उभिदैछ । हुन त लोकतन्त्रमा चुनाव नियमित प्रक्रिया हो । तर यसपटकको चुनाव सचेत नेपालीका निम्ति नियमित प्रक्रिया मात्रै हुनेछैन ।

लामो संघर्षको जगमा बनेको संविधान र २०७४ को जनादेश बिपरीत राजनीतिक निर्णय लिने नेतृत्वप्रति आम नागरिकले कठोर निर्णय लिनुपर्नेछ । एकपटक बिगतका कष्टदायी जीवन र नागरिकको संकटमा नेतृत्वको मजाक सम्झनुपर्नेछ । बितेको दुई वर्ष विश्वब्यापी कोरोना महामारीकै कारण नागरिकसँगै सिंगो मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्र नराम्रोसँग खल्बलिएको छ । गरिखाने वर्गलाई साँझबिहान काट्न कठिन बनेको थियो ।

महामारीकै कारण पहिलोपटक अभ्यासमा आएको स्थानीय र प्रदेश सरकारको समेत मूल्याङ्कन गर्ने अवसर आमनागरिकले पाए । कतिपयले स्थानीय सरकार र प्रदेशले नागरिकको जीवन रक्षालाई प्राथमिकतामा राखे । ती जनप्रतिनिधिको मूल्याङ्कन आउने ३० वैशाखमा मतदाताबाट हुनुपर्नेछ ।

बेथितिका पनि कुरा बितेका पाँच वर्षमा भएका छन् । त्यस्ता जनप्रतिनिधिको पनि मतदाताले मूल्याङ्कन गर्नुपर्नेछ । संघीय संरचनामा आँगनको सरकारका रुपमा सक्रिय स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन संघीय सरकारबाट कस्तो सहयोग भयो ? त्यसबारे पनि यो वर्ष निर्णय हुनुपर्नेछ । अतः वर्ष-२०७९ जनताको परीक्षा हुने वर्षका रुपमा अर्थ्याउन सकिन्छ । किनकि लोकतन्त्रमा मतदान त्यस्तो प्रक्रिया हो, जुन एकपटक गल्ती भएमा सच्याउन पनि पाँच वर्ष कुर्नुपर्छ ।



स्थानीय सरकार
पहिलो पाइला

# स्वागतम् नयाँ वर्ष २०७९

सदाझैं नेपालीहरुका घर आँगनीमा नयाँ वर्षको आरम्भ भएको छ । राक्षस नामको सम्वत्सर सकिएर चैत्र शुक्ल प्रतिपदादेखि भनौं चैत्र १९ गते देखिनै नल नामको सम्वत्सर शुरु भई विक्रम सम्वत् २०७९ शुरु भएको छ ।



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

"वर्षमा जम्मा ६० वटा सम्वत्सर हुन्छन्, कमिक परिवर्तन हुने कममा यो वर्ष ५० औं सम्वत्सर नल परेको छ । आउने वर्ष पिंगल नामको हुनेछ । सृष्टि शुरु भएको १ अर्ब ९५ करोड,५८ लाख,८५ हजार १ सय २३ वर्ष व्यतीत भएको छ । कलि आरम्भको समय भने ५ हजार १ सय २३ वर्ष व्यतीत भएको छ ।

श्रीगणेशाय नम : । स जयति सिन्धुरवदनो देवो यत्पापंकजस्मरणम् । वासरमणिरिव तमसां राशीन्नाशयति विघ्नानाम् ॥

नलाब्दे मध्यसस्यार्घवृष्टिभिः प्रवरा धरा । नृपसंक्षोभसंजाता भूरितस्करभीतयः ॥पिंगलाब्धे त्वीतिभितिर्मध्यसस्यार्घवृष्टय : । राजानो वित्तमाकांता भुन्जते शत्रुमेदिनिम् ॥

सदाझैं नेपालीहरूका घर आँगनीमा नयाँ वर्षको आरम्भ भएको छ । राक्षस नामको सम्वत्सर सकिएर चैत्र शुक्ल प्रतिपदादेखि भनौं चैत्र १९ गते देखिनै नल नामको सम्वत्सर शुरू भई विकम सम्वत् २०७९ शुरू भएको छ। नयाँ वसन्त, नयाँ उत्साह, नवीन वर्षले नयाँ जोस रजाँगर प्राप्त रहोस्, सबै नेपाली स्वदेश वा विदेश जहाँ बसे रहे पनि वर्षभरि नै शुभ रहोस् भन्ने शुभ कामना अर्पण गर्दै संक्षेपमा यस वर्षका विषयमा चर्चा गर्ने यो लेखको उद्देश्य रहेको छ ।

श्रीशाके १९४४, श्रीसम्वत् २०७९ नल नामक सम्वत्सर, सूर्य उत्तरायण, वसन्तऋतु,चैत्र शुक्ल त्रयोदशी तिथि, उत्तराफाल्गुनी नक्षत्र,ध्रुव योग, कौलवकरण वृहस्पतिबार, प्रात : ११ : १३ प्रवादन कालमा सूर्य मीन राशिबाट मेष राशिमा प्रवेश गर्दै चैत्र मास सकिएर वैशाख महिना शुरू भई नयाँ वर्षको आरम्भ हुँदैछ। तिथि, बार, नक्षत्र, योग र करण मिलेर बनेको पन्चाँगको श्रवण मात्रैले पनि गंगास्नानको फल मिल्ने शास्त्रीय मान्यता रहेको छ ।

वर्षमा जम्मा ६० वटा सम्वत्सर हुन्छन्, कमिक परिवर्तन हुने कममा यो वर्ष ५० औं सम्वत्सर नल परेको छ। आउने वर्ष पिंगल नामको हुनेछ। सृष्टि शुरू भएको १ अर्ब ९५ करोड,५८ लाख,८५ हजार १ सय २३ वर्ष व्यतीत भएको छ । कलि आरम्भको समय भने ५ हजार १ सय २३ वर्ष व्यतीत भएको छ। यो वर्ष इ सं २०२२ । २०२३ हो भने नेपाल सम्वत् ११४२ । ४३ हो । यो वर्षको राजा शनि हो र मन्त्री वृहस्पति हुन् । स्वभावैले शनिको प्रभाव रसिया, युक्रेनको चपेटा, श्रीलंकाको आर्थिक मन्दी राष्ट्रपति निबासमै ढुँगा हाना हान, हामीकहाँ पनि ऊर्जा संकट र यो पक्ति तयार गर्दा पेट्रोल, डिजेलको ढुवानी ठप्प, सवारी भाडाको वृद्धिको खवर र दिनभरि खाना पकाउने ग्याँसको खोजी तर प्राप्ति नहुँदा निरस भई वर्षफल लेख्न बसेको समय हो । वर्षारम्भ पूर्व नै संसारमा वितण्डा देखिएको अबस्था हो। समग्रमा वर्षभरि मध्यम वृष्टि हुने, खाद्यान्नको अभाव देखिने, अनाज उत्पादनमा समस्या थपिने देखिन्छ, हिउँदे धानबाली केही वृद्धि देखिए पनि वर्षे धानमा गत वर्ष जस्तै कमी आउने सम्भावना छ। गत वर्ष जस्तै मौसममा समस्या, वायु प्रदुषणले विश्व रेकर्ड नेपालको अवस्था उही पुरानै देखिने छ। ज्वरो आदि नागरिकको स्वास्थ्य समस्या, बलियाको रजाइँ, निर्धाहरूको आत्मग्लानी यो वर्ष पनि देखिने छ । खासगरी चोर फटाहाहरूको बिगबिगी रहने छ, गाँस, बास कपासको पीडा र रोगसँग लड्ने नागरिक क्षमतामा कमी हुनेछ । धर्तीको रसको मालिक मंगलका कारण उत्पादनमा कमी हुने हो, मेघका मालिक बुधका कारण वृद्धि भएको अनाजमा पनि रसमा कमी हुनेछ, सुख्खापनको डर बढी हुने छ । गो धन खासगरी दुग्धादि पदार्थको भाउ वृद्धिको डर छ, फलका मालिक बुध भएकाले फलफूलमा केही सहजता देखिने छ । अन्तर्राष्ट्रियक्षेत्रमा इन्धन आपूर्तिमा कठिनाइ, राज्य राज्यका बीच फाटो, शासकहरूका बीच मतैक्यताको अभाव, म ठूलो भन्ने अहंपन, फलाम आदि धातुको मूल्यको तीव्र चाप, धनको मालिक राजा शनि भएकाले संसारभरि नै आर्थिक मन्दीको समस्या, आर्थिक वृद्धिदरमा कठिनाइ, सिमाका मालिक बुध भएकाले आँखा आँखा जुधाएर सिमानाको कुरा गर्न नसक्ने विविध समस्याहरू रहनेछन् यो वर्ष ।

यो वर्ष शनि क्रुर ग्रह जो राजा भएर बसेको छ, ऊमाघ २७ गतेसम्म मकर राशिमा रहने त्यसपछि कुम्भ राशिमा सर्ने छ । अतः माघ २७ सम्म धन राशिका मानिसलाई अन्त्य साँढेसाती, मकर राशिका लाई मध्य साँढे साती र त्यसपछि अन्त्य साँढेसाती दोष हुनेछ । कुम्भ राशिकालाई आद्य र यसपछि मध्य साँढेसाती, मीनलाई आद्य अनि मिथुन र तुला राशिका लाई अढैया शनि दोष रहने छ र कर्कट अनि वृश्चिक राशिका लाई अढैया शनि दोष रहनेछ। यस्ता दोष भएकालाई भूठा आरेप लाग्ने, शत्रु भय हुने, मनमा चिन्ता हुने,सन्चित धनको नोक्सानी हुने हुन्छ। चोट पटकको डर, काममा ढिलाइ, मान सम्मानमा आघात विभिन्न समस्या हुन सक्छ । आफ्नो जन्म कुण्डलीमा ग्रह उच्च छ, राम्रो स्थानमा बसेको छ, ३, ६ ११ स्थानमा बसेको छ भने शुभ फल दिने हुन्छ  अशुभ फल दिने संकेत भएमाले शनिको विशेष साधना, मन्त्र, जप, पीपलमा जल, गायत्री, दीक्षा मन्त्र, नित्य पाञ्चायन पूजा, साधना, सूर्य, देवी, गणेश, शिव, विष्णु आदिको विशेष कृपा प्राप्तिका काम गर्नु पर्ने हुन्छ । नित्य उपासना, शरीर शुद्धि, पित्रीको सेवा, देवताको उपासना, सत्संगबाट मनलाई निर्मल गराउनु पर्ने हुन्छ, यथाशक्य दान पुण्य आर्जन गर्नु पर्ने हुन्छ ।

समय शुद्धिको हिसावले हेर्दा यो वर्ष असौज १३ गते वृहस्पतिबार पूर्वमा शुक्र अस्त हुन्छ र मार्ग ६ गते मंगलबार पश्चिममा उदय हुन्छ । त्यस्तै गुरू चैत्र १७ मा शुक्रबार पश्चिममा अस्त हुन्छन्। शुक्र, अनि वृहस्पति गुरू अस्त भएका बेला हामीले गरेका काम उनीहरूले नदेख्ने भएकाले नित्य पूजा आजा र नैमित्तक पितृकार्य बाहेक काम्य कर्म गर्न निषेध छ, फल मिल्दैन। काम्य कर्म भन्नाले नयाँ स्थान, तीर्थ, मन्दिर आदि, नयाँ उद्यानहरूको निर्माण, धाम आदि देवताको दर्शन, गृहारम्भ, प्रवेश, सप्ताह आदि, दीक्षा ग्रहण, व्रत उद्यापन, चूडा कर्म, ब्रतबन्ध, विवाह, वधु प्रवेश, महादान, उपाकर्म आदि पर्दछन् । विगतझैं यो वर्ष पनि थप रोगको सम्भावना,बजार महँगीले समाज थप संकटमा रहने, राजनीतिकर्मीहरू थप समस्यामा र बढी निर्दयी हुने देखिन्छन् । कोरोना त्रासमा बाँचेको अतीत र विगत थप समस्यामा झेलिन बाध्य हुने देखिन्छ। चोर, फटाहाहरूको विगत जस्तै समस्या हुने हुन्छ भनेराज्य भनौं सरकारी उदासीनताले आम जनता मारमा पर्ने देखिन्छन् ।नयाँ वर्ष आरम्भ हुँदा यो युगको समय ४ लाख ३२ हजार वर्ष मध्ये जम्मा ५ हजार १ सय २३ वर्षमा प्रवेश हुनेछ भने सृष्टिको क्रम भने १ अर्व ९५ करोड ५८ लाख८५ हजार १ सय २३ वर्षमा हुनेछ । गत वर्ष राजा र मन्त्री मंगल भएकाले राजनीतिमा गाग्रो उल्टो फर्कियो, गठ जोड घटाउ । गत वर्ष भय, त्रास, चिन्ता,हिँसाका घटनामा संसारमा वृद्धि भएझैं यो वर्ष पनि कमी आउने देखिन्न। मंगल अग्नि ग्रह हो जसबाट आगलागि, चट्याङ, डँढेलो  अल्प, खण्ड, अति वृष्टिको बाहुल्यता देखियो। जनतामा त्रास, भय, कृषिमा पनि खासगरी दुग्ध पदार्थमा उत्पादनको कमी र मूल्य वृद्धि भयो ।  ग्रह मध्ये शुक्र केही सकारात्मक भएकाले नयाँ धानको खेती, फलफूलमा वृद्धि, गहूँको उत्पादनमा केही राहत मिलेको हो ।तेलहनमा मूल्य वृद्धि भएको रमंगलकै कारण देशको सिमा सुरक्षामा पुरानो समस्या हल भएन । उत्पादनको कमी केही निर्यातको वृद्धि देखिए पनि आयातको वृद्धिले पहिलेझैं व्यापार घाटामा सुधार भएन, बरू थपियो, मुद्रा सन्चिति घट्यो। अतीतको ताडनालाई सम्झेर हुने कुरा भइ हाल्छ भनी नागरिक समाज कानमा तेल हालेर बस्नु भने हुन्न। यो वर्ष ३ थरि चुनावले देश थप रित्तिने त छँदैछ।

शनि खुसी गराउन भनेॐ शनैश्चराय नमः १०८ मन्त्र जप्दै पिपलको फेदमा पानी हाल्दा पनि हुन्छ।श्री गणेशको सेवा त सधैं गनु पर्छ, नयाँ वर्षमा झन् गर्नै पर्छ।

स्नानले तनशुद्धि, दानले धन शुद्धि, ध्यानले मनशुद्धि हुन्छ । दानमा महिना विशेष, समय विशेष तोकिएको छ । गाई, भूमि, तिल, बस्त्र, सुन, धान्यादि बस्तुहरूको दानले तन, मन, धन सवै पवित्र बन्छ । बैशाखमा जल र अन्नदानको महत्व बढी छ भने  तप र पूजाको अधिक महत्व छ । स्नानले मात्रै पनि यी फल प्राप्त हुन्छन्। सकाम भावले स्नान गरे मनोरथ पूरा हुने र निस्कामभावले स्नान गरे जीवनमा परमगति प्राप्त हुन्छ। अन्य पुण्यकर्मले स्वर्ग प्राप्ति र पुण्य क्षीण भएपछि स्वर्गबाट फिर्ता हुनुपर्छ भने वैशाख स्नानबाट सदाको लागि दिव्यधाम प्राप्त हुने कुरामा शास्त्रहरूले गर्जन गरेका छन् । कलियुगमा सदा यज्ञ, हवनादि कार्य सम्भव हुँदैन । पर्वविशेषको तीर्थस्नानबाट यसको पूर्ति हुने कुरा शास्त्रहरूले पुष्टि गरेका छन् । विभिन्न क्षेत्रहरूमा गरिने पुण्यकर्मले सत्य, त्रेता, द्वापर आदि युगविशेषमा मानवले गर्ने सत्कर्मको फल प्राप्त हुने हुन्छ। मानव जीवनको उषाकाल सत्ययुग हो, ज्ञानको आरम्भको समय त्रेतायुग हो। ज्ञानको प्रयोगको समय द्वापरयुग हो। कलियुग धर्म र कर्म दुवैको समय हो । जे होस्, सबैलाई शुभकामना, ईश्वरले सबैको दया गरून्, कल्याण गरून्, टाउको कसैको नदुखोस्, ठेस नलागोस्, अस्तु परिपूर्णम् ।




नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समीद्धिको शुभकामना व्यक्त गर्दछौं ।
रघु पुरी
अध्यक्ष, तथा
दि रिभर ओभरसिज प्रा. लि.
परिवार
बत्तिसपुतली (होटल द्वारिकाजको पछाडी, गौशाला, काठमाडौं, फोन: ४४६२४३१

नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
याम बहादुर बुढाथोकी
अध्यक्ष तथा
लाईफ लाईन ओभरसिज प्रा. लि.
परिवार
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१

# अवधि सकियो, अपेक्षा अधुरै

दुर्भाग्य, संघीयताको यो पाँच वर्षलाई फर्केर हेर्दा त्यस्तो रहेन, बरु त्यस्को ठिक उल्टो भयो । दुर्जन र बदनामी राजनीति खेल अचाक्ली भयो । गाउँका सिँहदरबार नयाँ पन्चे झैं भए, प्रदेश झनै बदनामी भए, जहाँ भ्रष्टाचार र अनियमितताको बादल छपक्कै छायो ।



• भूमिका कोइराला

स्थानीय तहको निर्वाचन नजिकिँदै छ । वैशाख ३० गते हुने स्थानीय चुनावलाई लक्षित गर्दै राजनीतिक दलहरु पाँच वर्षअघि जस्तै जनताका घरदैलोमा भोट माग्न व्यस्त छन् । दलका नेताहरु गाउँ पसेसँगै स्थानीय सरकारमा कस्तो नेतृत्व चयन गर्ने भन्ने बहस गाउँभरी छ । स्थानीय सरकार भुईंतहको सरकार पनि भएकोले हाम्रा भन्दा राम्रालाई अघि सार्नुपर्ने बहसले गाउँ तातेको छ । गाउँको सिंहदरबारको निर्वाचन जति जति नजिकिँदै छ, उति उति नेतृत्वको विषयमा चिया चौतारोदेखि सामाजिक सञ्जालमा चर्चा छ । भुइँ तहको सरकार भएर पनि होला यस विषयमा संघदेखि वडासम्मका मानिसहरुको ध्यान उत्तिकै तानिएको छ । संघीयतापछिको पहिलो स्थानीय निर्वाचनबाट एक कार्यकालको अनुभव गरिसकेको अवस्थामा अब आउने नेतृत्वको बहस बाक्लिएको हुन सक्छ ।

## अपेक्षाको उपेक्षा

संघीयता कार्यान्वयनपछिको पाँच वर्षमा जनतामा धेरै ठूलो अपेक्षा पनि थिएन, उनीहरुमा अपेक्षा यति मात्रै थियो कि जहाँ सहजै स्वास्थ्य शिक्षा, रोजगार र खाद्यान्नसँगै सुरक्षितसँग बाँच्न पाइयोस् । तर, पाँच वर्षमा मुलुकले बेथिति मात्रै भोग्यो । संघीय निर्वाचनपछि मुलुकमा अनियमितता र भ्रष्टाचार नहोस्, सबै छोरीहरु सुरक्षित रहुन्, हिंसाबाट समाज मुक्त होस्, विगतको जस्तो बेथिति र बदनामी राजनीति नहोस्, यस्तै यस्तै नै थिए, जनताको अपेक्षा ।

दुर्भाग्य, संघीयताको यो पाँच वर्षलाई फर्केर हेर्दा त्यस्तो रहेन, बरु त्यस्को ठिक उल्टो भयो । दुर्जन र बदनामी राजनीति खेल अचाक्ली भयो । गाउँका सिँहदरबार नयाँ पन्चे झैं भए, प्रदेश झनै बदनामी भए, जहाँ भ्रष्टाचार र अनियमितताले छोपिए प्रदेश । प्रदेशका नाउँमा झ्यालैपिच्छे मन्त्रालय खुले । वाइडबडीदेखि स्वास्थ्य सामग्री खरिदमा चरम भ्रष्टाचारको बेथिति खुबै बढ्यो । लाखौं युवा बेरोजगारीले विदेशी भूमिमा लखेटिए, सयौं युवा जो आफन्तलाई जहाज चढेर बिदाइ गरे, तर, फर्कँदा बाकसमै पनि फर्किन बाध्य भए ।



दुई वर्ष बढी त महामारीले मुलुक आक्रान्त भयो, महामारीले गरिखाने भुइँ मान्छेहरुको रोजगारी लुट्यो, आफन्त गुमे । गरिबी र अभावमा थप नुनचुक छर्किदियो महामारीले । स्वास्थ्य मौलिक अधिकार हो, तर न्यूनतम सिटामल समेत नागरिकले पाएनन् । महामारीको नाउँमा अर्बौं खर्च्यो राज्यले । स्वास्थ्य सामग्रीको नाउँमा अर्बौं भ्रष्टाचार भयो । भुइँ मान्छेहरु सिटामल समेत नपाउँदा मर्नसमेत बाध्य भए, गरिबी र अभावले छटपटिएर दर्जनौं नागरिकले आत्महत्या समेत रोजे ।

निर्मला पन्तको बलात्कारपछि हत्या भयो, उनी जस्तै सम्झना विकहरु बलात्कृत भएर मारिनु पर्‍यो, निर्मला कुर्मीका आफन्तहरु न्याय माग्न पैदल यात्रामै राजधानी आए । निर्मला पन्तदेखि १६ महिनाकी बालिकासमेत सुरक्षित रहिनन् । धेरै छोरीहरु बलात्कृत भए । पाँच वर्षको अन्तरालमा शासकीय बेथिति, चरम भ्रष्टाचारसँगै आकाश छेड्ने कंक्रिटका भ्यूटावर र डोजर मात्रै देखे जनताले । हिउँदभर पहाडभरी डोजरको आतंक र वर्षातमा बाढी पहिरोसँगै रोग र भोकको पीडाले जनता आजित भए ।

> पाँच वर्षको अन्तरालमा शासकीय बेथिति, चरम भ्रष्टाचारसँगै आकाश छेड्ने कंक्रिटका भ्यूटावर र डोजर मात्रै देखे जनताले । हिउँदभर पहाडभरी डोजरको आतंक र वर्षातमा बाढी पहिरोसँगै रोग र भोकको पीडाले जनता आजित भए ।

## कार्यकालको समीक्षा

पाँच वर्षको कार्यकालको समीक्षा गर्दा स्थानीय सरकारहरु सवल भन्दा दुर्वल देखिए, संघीयताको पहिलो अनुभवसँगै दुरगामी सोच र दृष्टिकोणको अभावमा स्थानीय सरकारको कार्यकाल सकिँदैछ । ७५३ स्थानीय सरकारमा विरलै केही स्थानीय तहले मात्रै गाउँको सिंहदरबारको भावना र मर्म बुझेपनि अधिकांश विवादमै समय खर्चिए ।

२० हजार भन्दा बढी मुद्दा अख्तियारमा पुग्नुले यो दर्शाउँछ कि स्थानीय सरकारको कार्यकाल त्यत्ति सन्तोषजक रहेन । मुलतः राम्रा भन्दा हाम्रा चुन्ने दलीय परिपाटीले सुयोग्य, दक्ष र क्षमतावानहरु अटाएनन् । अधिकांश स्थानीय सरकार प्रमुखहरु विशुद्धा राजनीतिक सेवा भन्दा धन आर्जन सुख सुविधा र विलाशिताको कार्यकाल रह्यो । रुपमा समावेशी देखिएपनि सारमा स्थानीय सरकार पनि समावेशी रहेन । अधिकांश स्थानीय तहमा महिलालाई उपमा थमाइयो । उपको उपमामै महिलाहरुले चित्त बुझाए, यो पाँच वर्षे कार्यकाल । क्षमतावान भएपनि उपकै कारण आफ्नो कार्यक्षमता देखाउने मौकै पाएनन् ।

उता उपेक्षित समुदाय दलितको पनि हालत उस्तै रह्यो । पालिका प्रमुखमा लगभग दलितहरु अत्यन्तै न्यून रहे । वडा तहमा वडाध्यक्ष हुने दलित कम मात्रै रहेनन्, वडा सदस्यमा प्रतिनिधित्व भएपनि उनीहरुको अर्थपूर्ण सहभागिता रहेन । उनीहरुको समावेशी प्रक्रिया पूरा गर्ने पात्र मात्रै बने । यसरी स्थानीय सरकारको पाँच वर्षे कार्यकाल जे जसरी बित्यो, त्यसले अपेक्षाकृत परिणाम त दिएन, तर स्थानीय सरकारमा दलीय पात्र भन्दा सामाजिक योगदान गरेका विकासको मर्म बुझेकाहरु पुग्नुपर्छ भन्ने अनुभव सिद्ध भएको पक्का हो । यसकारण स्थानीय तहमा आफ्नो नेतृत्वकर्ता कसलाई बनाउने भन्ने विषय स्वयं जनताले गम्भीररुपमा बुझ्न जरुरी देखिएको छ ।

नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय
शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
नबराज के. सी.
अध्यक्ष
तथा
प्याराडाइज इण्टरनेशनल प्रा. लि.
परिवार
बखुन्डोल, ललितपुर, फोन: ५५३४०४२, ५५२२०६३



# संकट परेपछि याद आयो कामदारको कमाई

रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले नेपाल आउने रेमिटेन्स रकम औपचारिक माध्यमबाट ल्याउन करीब एक दर्जन उपाय सिफारिस गरेका छन् ।



• रेशमराज पौडेल

कोरोना भाइरस (कोभिड-१९) ले पारेका दुश्प्रभावहरू रेमिट्यान्समा आधारित अर्थतन्त्रमा देखापर्न थालेका छन् । चैत्र महिनाको अन्तिम हप्ता रेमिट्यान्समा आधारित अर्थतन्त्र भएका मुलुक श्रीलंका, पाकिस्तानमा तीव्र राजनीतिक उथलपुथल देखिए । रेमिट्यान्समा आधारित नेपालको अर्थराज नीति पनि हल्लिएको छ । पेट्रोलियम पदार्थको उच्च मुल्यबृद्धि र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको निलम्बन त्यसैका परिणाम हुन् । कोभिडको प्रभाव कम भए पनि नेपाली अर्थव्यवस्था र आम नागरिक अनियन्त्रित महँगीले निसास्सिएको अवस्था छ । आन्तरिक छट्पटी र असन्तुष्टिले नेपाली राजनीतिक वृतमा थप परिघटना देखापर्न सक्ने बलिया सम्भावना विद्यमान रहेको अनुभुति गराएको छ ।

हरेक महिना आयात बढेर विदेशी मुद्रा सञ्चिति घटेपछि सरकारले रेमिट्यान्स औपचारिक च्यानलबाट भित्र्याउन विभिन्न उपाय सार्वजनिक गरिरहेको छ । रेमिट्यान्स पठाउने कामदार र उनीहरूको सरकारी स्वामित्वको नेपाल टेलिकम तथा राष्ट्रिय वाणिज्य बैंकको शेयर दिनेदेखि आगामी दिनमा कुनै पनि कम्पनीको शेयर निष्काशन गर्दा रेमिट्यान्स पठाउनेलाई पनि निश्चित कोटा तोक्नेसम्मका आकर्षण देखाइएको छ ।


रेमिट्यान्स कम भित्रिएका कारणले अर्थतन्त्रमा संकट देखिएको बेला चैत दोश्रो हप्ता अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले नेपाल आउने रेमिटेन्स रकम औपचारिक माध्यमबाट ल्याउन करीब एक दर्जन उपाय सिफारिस गरेका छन् । वैठकमा उनले सुझाएका उपाय कार्यान्वयन गरिए नेपाल आउने रेमिट्यान्समा केही सुधार आउने छ । तर स्वदेशमा परिवार र आफ्नो पालनपोषण गर्न नसकेर विदेशी भुमिमा सबैभन्दा जोखिमपूर्ण काम गरेर न्युनतम तलव बुझ्ने कामदारले पठाएको रेमिट्यान्सबाट राष्ट्रको ढिकटी भर्ने र अर्थतन्त्र सुधार गर्ने सरकारको सोच परिपक्व देखिँदैन । मन्त्री श्रेष्ठले रेमिटेन्सबाट अधिकतम लाभ लिन हुन्डीको सट्टा बैंकिङ च्यानल प्रयोग गर्न आकर्षित गर्नुपर्ने, रेमिट्यान्स बढाउन वैदेशिक रोजगारीमा गएका श्रमिकहरूलाई राज्यले सम्मानजनक व्यवहार गर्नुपर्ने, विदेशबाट पैसा पठाउदा लाग्ने सेवाशुल्क हटाउनुपर्ने, विदेशका प्रमुख शहरमा नेपाली बैंक स्थापना गरी विदेशबाट सोझै नेपालको खातामा जम्मा हुने रकममा दुई प्रतिशतसम्म बढी ब्याज दिनुपर्ने, औपचारिक माध्यमबाट नेपालमा पैसा पठाइरहेको प्रमाण पेस गरेमा नेपाल आउँदा ल्याउन पाउने सामानको भन्सारमा सहुलियत दिने, पुनः श्रम स्वीकृति लिँदा वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम दाखिला गर्नु नपर्ने ,बार्षिक रूपमा सवैभन्दा धेरै विप्रेषण पठाउने मध्येलाई राष्ट्रिय सम्मान गर्ने व्यवस्था गर्नुपर्ने ,औपचारिक माध्यमबाट नेपालमा रेमिटेन्स पठाउनेहरूलाई राज्यबाट सेवा शुल्क लिएर प्रदान गरिने सेवाहरूमा ५० प्रतिशत सहुलियत दिने, नेपाल फर्केर उद्यम गर्नेहरूलाई विदेशमा हुँदा पठाएको रकम बराबरै रकम निश्चित समयका लागि विना ब्याज उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने सुझाव दिए । त्यसैगरी उनले वैदेशिक रोजगारीमा जाने श्रमिकको बैंक खाता अनिवार्य गर्ने ,सरकारले तोकेबाहेक अन्य तरिकाबाट वैदेशिक रोजगारीमा जान पुर्ण रोक लगाउने र वैदेशिक रोजगारीमा जान विद्यमान प्रकृयालाई सहज र सरल बनाउनु जरूरी रहेको बताए । मन्त्री श्रेष्ठका यी उपाय मुलुकमा रेमिट्यान्स घटेको कारणले मात्र अवलम्बन गर्ने र विदेशमा रहेका कामदारलाई लोभ्याउन अगाडि ल्याउने विषय भने पक्कै होइनन् ।वैदेशिक रोजगारमा रहेका कामदार र उनीहरूका परिवारको निरन्तर संरक्षण गर्नुपर्ने राष्ट्रिय दायित्व सरकारको हो । सरकारको ढिकुटी रित्तीएपछि मात्रै कामदारको कमाई सम्झनु समाजवादी राज्य व्यवस्थाको संवैधानिक परिकल्पना सुहाउँदो व्यवहार होइन।



राष्ट्र बैंकको चालु आवको फागुनसम्मको तथ्यांक अनुसार ६ अर्ब ५३ करोड डलर रेमिट्यान्स नेपाल भित्रिएको र विदेशी विनिमय सञ्चिति पौने १० अर्ब डलर रहेको बताईको छ । यो रेमिट्यान्सले देशको साढे ६ महिनाको वस्तु तथा सेवा आयात धान्न मात्रै पर्याप्त रहेको राष्ट्र बैंकले बताएको छ । विदेशी मुद्रा सञ्चिति बढाउने विभिन्न उपायको खोजीमा लागेको राष्ट्र बैकले रेमिट्यान्सलाई हुण्डीबाट नपठाई औपचारिक माध्यमबाट पठाउन सामान्यभन्दा १ प्रतिशत बढी व्याज दिनुपर्ने नीति लिएको छ । तर त्यसतर्फ वैदेशिक रोजगारमा रहेका कामदार आकर्षित भइरहेका छैनन् । वैदेशिक रोजगारमा रहेका कामदारले पठाउने रेमिट्यान्स भित्र्याउन सुविधा दिने नेपाली सोच भने नयाँ होइन । यसअघि नै बंगलादेशले साढे २ प्रसिशत नगद बोनस स्वरूप दिने योजना अगाडि ल्याएको छ । श्रीलंकाली सरकारले पनि रेमिट्यान्स आप्रवाहलाई वैधानिक च्यानलबाट भित्र्याउन १ डलर भित्राउँदा ३८ श्रीलंकाली रूपियाँ थप दिने सुविधा दिएको छ । यस अघि श्रीलंकाले एक डलर भित्राउँदा १० श्रींकलन रूपियाँ दिने गरेको थियो ।

रेमिट्यान्स अर्थतन्त्रमा आधारित पाकिस्तानमा पनि रेमिट्यान्स आप्रवाह वृद्धि गर्न स्टेट बैंक अफ पाकिस्तान (एसबीपी)ले सरकारसँग मिलेर औपचारिक माध्यमहरू मार्फत समय समयमा विभिन्न नीतिगत उपायहरू ल्याएको छ । अन्तर बैंक बजारमा शतप्रतिशत रेमिट्यान्स समर्पण गर्ने कम्पनीहरूलाई प्रति डलर १ रूपैयाँ प्रोत्साहन स्वरूप इन्सेन्टिभ दिने नयाँ योजना स्टेट बैंक अफ पाकिस्तान (एसबीपी)ले गत फेब्रुअरीमा नै ल्याएको हो । उक्त प्रोत्साहनले एक्सचेन्ज कम्पनीहरूलाई वित्तीय प्रणालीमा बढीभन्दा बढी रेमिट्यान्स ल्याउन प्रोत्साहित गर्ने एसबीपीको अपेक्षा रहेको सञ्चार माध्यम मार्फत सार्वजनिक भइरहेका छन् । यसले रेमिट्यान्समा सबैको दवाव रहेको देखाई रहेको छ । एकातिर रेमिट्यान्समाथि दवाव बढेको छ भने अर्कोतिर विदेशमा नेपाली कामदारको रोजगारीको अवसरमा निरन्तर संकुचन आईरहेको छ । बहराइनमा एकै वर्षका अवधिमा ५० हजार विदेशी कामदारको रोजगारी कटौती भएको छ । नेपाली कामदारको मुख्य श्रम गन्तव्य साउदी अरबले आफ्ना नागरिकलाई सकेसम्म रोजगारीमा लगाउने नीति विशेष जोडबलका साथ कार्यान्वयन गरिरहेको छ । परिस्थितिमा ठूलो फेरबदल नआएको अवस्थामा मलेसियाको रोजगारीमा नेपालीको पहुँच यथावत् रहने छ । तर, अन्यत्र वैदेशिक रोजगारको परम्परागत क्षेत्र संकुचित भइरहेको छ । यस्तो अवस्थामा रेमिट्यान्स भित्र्याउन कामदारलाई लोभ देखाएर मात्रै सरकारी ढुकुटी भरिने छैन । सरकारी ढुकुटी भर्न निर्यातमा जोडदिन ढिला हुँदै गएको छ ।

> विदेशी मुद्रा सञ्चिति बढाउने विभिन्न उपायको खोजीमा लागेको राष्ट्र बैंकले रेमिट्यान्सलाई हुण्डीबाट नपठाई औपचारिक माध्यमबाट पठाउन सामान्यभन्दा १ प्रतिशत बढी व्याज दिनुपर्ने नीति लिएको छ । तर त्यसतर्फ वैदेशिक रोजगारमा रहेका कामदार आकर्षित भइरहेका छैनन् ।




# व्यवस्था बदलियो तर अवस्था उही !

## संघको निर्वाचनमा सहमति नभई स्वार्थी राजनीति हावी भएमा साधारणसभा र आगामी निर्वाचन औपचारिक मात्र बन्नेछन् । संघ निष्प्रभावी हुने खतरा बढ्ने छ ।



• कान्ति न्यौपाने

नेपालबाट युवायुवतीहरू रोजगारीका लागि ठूलो संख्यामा विदेशिन थालेपछि वैदेशिक रोजगारले मुलुकको दीर्घकालीन हित गर्छ, गर्दैन भन्ने सवालमा दुई किताका बहस भइरहेको छ ।

काठमाडौंको मध्य-बानेश्वरको एउटा कुनामा करिब १० वर्षदेखि साग बेचिरहेकी रमा कार्कीलाई लाग्थ्यो, देशमा आएको राजनीतिक परिवर्तनले उनको जीवनस्तर उकास्न ठूलै मद्दत गर्नेछ, र दलका एजेण्डा, चुनावी घोषणापत्र, नेताका भाषण र तिनका कार्यशैलीले नेपाल र नेपालीको जीवनस्तर फेरिनेछ । तर, खुमाको सुन्दर सपनालाई राजनीतिक दलका गतिविधिले चकनाचूर पार्दै लगेका छन् । उनको बढ्दो वितृष्णाको कारण हो- हालका राजनीतिक दलहरुको अकर्मण्यता । यस्तो अकर्मण्यताले देशलाई विकास दिने कुनै छाँटकाँट छैन । दलहरुको यो पारा देखेर भित्रभित्रै आक्रोशित भइसकेकी उनी भन्छिन्, "यस्ता सयौँ शासकभन्दा त बरु एउटै शासक पो ठीक रहेछ कि क्या हो, खाए नि एउटैले मात्रै त खान्थ्यो भन्ने पनि लाग्ने क्या ।"

खुमा त प्रतिनिधि पात्र मात्र हुन् । पछिल्लो समय राजनीतिक दलको गतिविधि देखेर उनी जस्तै लाखौँ नागरिक रुष्ट छन् । विकास, परिवर्तन र समृद्धिको नारा दिएर चुनावमा होमिएका दलको कार्यशैली चाहिँ त्यसका ठीक उल्टो देखिएपछि विरक्तिनु स्वभाविकै भएको मान्नेहरुको कमी छैन ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र मधेश केन्द्रित लगायतका विभिन्न दलहरु अहिले राजनीतिको केन्द्रबिन्दुमा छन् । तिनै नेता, तिनै प्रवृत्ति र तिनै उम्मेदवार चुनिएर निर्वाचनमा जाने अनि जनताको मुद्दामा केन्द्रितै नहुने प्रवृत्तिका कारण जनआक्रोश चुलिएको हो ।

'सुखी नेपाली, समृद्ध नेपाल'को नारा दिँदै गत चुनावमा एमाले, माओवादी केन्द्र लगायतका वामपन्थी घटक लामो घोषणापत्र सहित चुनावमा होमिए । चुनावमा जनताले मत दिएर करिब दुई तिहाई नजिकको सरकार बनाउने मौका पनि दिए । तर, पाँच वर्षको अवधिमा उक्त घोषणालाई कार्यान्वयन गर्नु त परै जाओस्, जनताले दिएको सत्ता सञ्चालनको म्यान्डेड समेत पूरा गर्न सकेनन् ।

शिक्षा, स्वास्थ्य, रोजगारी, विकास, परिवर्तन, सुखी जनता भन्ने नारा त नारामै सीमित बन्यो । तत्कालीन समयमा प्रधानमन्त्री रहेका केपी ओलीले २ पटक संसद विघटन गरेपछि तत्कालीन नेकपामा ठूलो अन्तरकलह मच्चियो । अन्त्यमा अदालतको आदेशपछि दुई वटै पार्टी यथास्थितिमा पुनर्जीवित गरिए । त्यसमाथि पनि बढ्दो विवादका कारण नेकपा एमाले पनि विभाजन भयो र माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) को गठन भयो । अन्त्यमा, वामपन्थीको हातबाट सत्ताको बागडोर कांग्रेसको हातमा पुग्यो, काँग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा पाँचौ पटक सरकार गठन भयो ।

पटक-पटक सत्ता चलाएको नेपाली कांग्रेससँग पनि जनताले आशा गर्न सकेका छैनन् । चुनावमा विकास, समृद्धि, रोजगारी र परिवर्तनका नारा दिने तर सोअनुसार काम नगर्ने प्रवृत्ति नेपाली कांग्रेसका लागि पनि नयाँ भने होइन । पटक-पटक प्रधानमन्त्री बनिसकेका देउवाको काम-कारबाही पनि जनअपेक्षा अनुरुप नभएको गुनासो भइरहेकै छ ।

त्यसैगरी राप्रपा लगायतका पुराना र साना दलहरुको घोषणापत्रमार्फत अनेक आश्वासन दिने तर उल्लेखित कामहरु पूरा नगर्ने प्रवृत्ति जनतालाई थाहा नभएको होइन । मधेशका मुद्दा उठाएर सत्तामा पुगेका मधेशवादी दलहरु त सरकारमा पुगेपछि एजेण्डा नै बिर्सेर आफ्नो स्वार्थपूर्तिमा लागेको आरोप मधेशी समुदायका विश्लेषकहरुबाटै लाग्दै आएकै छ । यद्यपि नेताहरु चुनावैपिच्छे नयाँ घोषणापत्र लिएर घरदैलोमा पुग्ने अनि जनता फकाएर भोट माग्ने प्रवृत्तिको निरन्तरता भने चलिरहेकै छ ।

जनतालाई बाँडेका सपना पूरा गर्नु त टाढाको कुरा, पाँच वर्षसम्म सत्तासमेत सहज ढंगले सञ्चालन गर्न नसक्नु नै लज्जास्पद भएको राजनीतिक विश्लेषक डा. राजेश अहिराज बताउँछन् । "बहुदलीय व्यवस्थाले बहुविचार र बहुअडानको अनुभूति कहिल्यै पनि दिएन । सधैँ सत्ता दलाली गर्ने, अस्थिर सरकार बनाउने र नाममा पद बेचेर खाने, दलहरुले सरकार बनाउने, टिकाउने, खसाउने र पद मिलान गर्ने बाहेक केही भएन", उनको विश्लेषण छ । घोषणापत्रलाई जनता झुक्याउने माध्यम मात्रै बनाउँदा व्यवस्था नै संकटतर्फ अघि बढेको छ ।

साग बेच्ने खुमा मात्रै होइन, घोषणापत्र बमोजिम काम हुन्छ भन्ने आशा गरेका बानेश्वरमै ठेला पसल चलाउने वीरबहादुर राई पनि देशमा देखिएको अस्थिरताका कारण दुःखी देखिएका छन् । बदलिएको व्यवस्थाले आफूहरुलाई केही राहत दिने आशा गरेका उनी नेताहरुको लडाइँ देखेर विरक्त मान्छन् । "घोषणापत्र जनता झुक्याउने अक्षर मात्रै हो ? त्यसो भए अब भोट नहाल्ने व्यवस्था गरौँ, हामीलाई कोही पनि चाहिएको छैन", उनको आक्रोश छ ।

### गठबन्धनको गफी घोषणा

गत २०७४ सालको चुनावमा वाम गठबन्धनले जनतालाई विकास र सपनाको सपना यति धेरै देखाए कि मानौँ, उनीहरुले जिते त देश स्वीजरल्याण्ड जस्तै बन्छ । गठबन्धनले प्रशान्त र हिन्द महासागरमा नेपाली झण्डा अंकित पानीजहाज चलाउने कुरा गऱ्यो । कोशी, गण्डकी र कर्णाली नदीमा आन्तरिक र वाह्य जलमार्गको सम्भाव्यता अध्ययन गर्ने पनि बताइएको थियो ।

तीन बर्षभित्र दुई अन्तरराष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गर्नेसमेत वाम उद्गार थियो । 'दुई वर्षभित्रमा भैरहवा र तीन बर्षभित्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गर्ने छौं,' घोषणापत्रमा भनिएको थियो ।

गठबन्धनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई विस्तार तथा स्तरोन्नति गर्ने तथा आगामी पाँच वर्षभित्र निजगढमा अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने विषयलाई पनि घोषणापत्रमा समावेश गरेको थियो ।



यस्तै विराटनगर, नेपालगञ्ज, सुर्खेतका विमानस्थलहरुलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार र स्तरोन्नति गर्ने, सबै आन्तरिक विमानस्थललाई अत्याधुनिक, सुविधा सम्पन्न र सुरक्षित हुने गरी विस्तार तथा आधुनिकीकरण गर्ने घोषणापत्रमा समेटिएको थियो ।

'घर-घरमा बिजुलीः जन-जनमा शेयर' भन्ने नारा पनि वाम गठबन्धनले पस्केको थियो । ऊर्जा क्षेत्रको विकासका लागि यो महत्वाकांक्षी योजना आफ्नो चुनावी घोषणापमार्फत बाँडिएको थियो । आन्तरिक खपतबाट बचेको उत्पादित उर्जा भारत, चीन र बंगलादेशको बजारमा निर्यात गर्न विशेष योजना कार्यान्वयन गर्ने, आगामी १० वर्षमा सम्पन्न हुने गरी कर्णाली चिसापानी, बुढीगण्डकी, पश्चिम सेती, नलसिंह गाड, उत्तर गङ्गा, नौमुरे, माथिल्लो झिमरुक, सुनकोशी-१, सुनकोशी-२, तमोर, तामाकोशी-३ लगायत परियोजनाहरुको कार्यान्वयन तीव्र गतिमा अगाडि बढाउन प्राथमिकता निर्धारण गर्ने समेत वाम घोषणापत्रमा समावेश थियो ।

त्यति मात्र कहाँ हो र, पाँच वर्षमा युरेनियम, फलाम र पेट्रोल प्रशोधन कारखाना सञ्चालन गर्ने विषय पनि राजनीतिक बजारमा बाँडिएको थियो । मुस्ताङ, नवलपरासी र दैलेखमा गरिने भनिएको उत्खनन, प्रशोधन र विकास लगायतका विषयलाई पनि गठबन्धनले प्राथमिकताका साथ राखेको थियो ।

भारतसँग गरिएका सन्धिलगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गरिने कुराका साथै सीमा समस्याको समाधानको कुरा पनि उठाइएको थियो । यी सबै कामको लागि कुटनीतिक पहलमा सक्रिय रहने विषयलाई पनि गठबन्धनले जोडका साथ उठाएको थियो ।

संसदमा करीब दुई तिहाई बहुमत पाए देश नै कायापलट बनाइदिन्छौँ भन्ने उनीहरुको दावी थियो । उनीहरुका कुरा पत्याएरै होला भन्ने मान्नुपर्छ, २०७४ को चुनावमा कम्युनिष्टहरूका सबै घटकलाई एकै ठाउँमा जोड्दा ४८.२९ प्रतिशत भोट पनि जनताले दिएकै थिए । तर, पाँच वर्षे कार्यकालको पनि पूरा गर्न नसकी उनीहरुले बीचमै संसद विघटन मात्र गरेनन्, पार्टीलाई नै तीन टुक्रा बनाए । वाम गठबन्धनको घोषणापत्र केवल चुनावमा गरिने गफ मात्र हुन पुग्यो । यस्तो नग्न यथार्थले यी अग्रणी दलहरू जे देखिन्छन् त्यो होइनन् र जे देखिन्नन् त्यो हुन् भन्ने आशंकालाई मलजल गरेको छ ।

### कांग्रेसको पनि हालत उही

देशमा प्रजातन्त्रको स्थापना भएपछि सबैभन्दा बढी सत्तामा बसेको नेपाली कांग्रेसले पनि चुनावैपिच्छे घोषणापत्र फेरेर जनतामा भ्रमको खेती मात्रै गरेको छ । कांग्रेसले २०५६ सालको आम चुनावमा सबैभन्दा धेरै ३७.२९ प्रतिशत मत पाएको थियो । २०१५ सालमा दुई तिहाइ सीट जित्दा पनि कांग्रेसको भोट ३७.२० प्रतिशत मात्र थियो । वामागठबन्धनलाई गाली गरेर २०७४ सालको चुनावमा ८४ पाने घोषणापत्र सावर्जनिक गरेको नेपाली कांग्रेस पनि चुनाव जित्ने र हार्ने खेलमा मात्रै लागेको देखिन्छ । 'कांग्रेसको नेतृत्वमा शान्ति र संविधान, कांग्रेसकै नेतृत्वमा समृद्धि अभियान' भन्ने मूल नारासहित कांग्रेसले देश परिवर्तनका लागि भन्दै विभिन्न नारा अघि सारेको थियो ।

तीन खण्डमा बाँडिएको घोषणा-पत्रको तेस्रो खण्डमा 'स्थानीय सरकार र हाम्रो संकल्प' शीर्षकमा काँग्रेसले आर्थिक समृद्धि, सामाजिक प्रगति, पूर्वाधार विस्तार, वन वातावरण संरक्षण र सुशासन प्रत्याभुतिको संकल्प पेश गरेको थियो । प्रजातन्त्र पुनर्प्राप्तिपछिको २५ वर्षमा काँग्रेस नेतृत्वमा भएका नीतिगत सुधारको प्रतिफल, अबको १० बर्षमा नेपाल कस्तो हुनेछ भन्ने झलक, काँग्रेसको परिकल्पनाको स्थानीय सरकार कस्तो हुनेछ भन्ने कुरालाई पनि काँग्रेसले घोषणापत्र मार्फत् मतदाताहरुलाई बुझाउने प्रयासस्वरुप अनेक नारा पनि तय गरेको थियो ।

घोषणापत्रमा त नेपाललाई आगामी १० वर्षभित्र एउटा मध्यम आययुक्त गतिशील राष्ट्र बनाउने, कम्तिमा पनि एक दशकसम्म वार्षिक सातदेखि दश प्रतिशतसम्मको उच्च आर्थिक वृद्धि दर निरन्तर हासिल गर्दै हरेक वर्ष अर्थतन्त्रले तीनदेखि पाँच लाख रोजगारीका अवसर सिर्जना गर्ने कांग्रेसको दाबी थियो ।

उसले यो उद्देश्य हासिल गर्न अभूतपूर्व परिमाणमा स्वदेशी र विदेशी लगानीको परिचालन गर्ने, सम्भावनाका क्षेत्रहरु उर्जा, पर्यटन र कृषिका साथै उत्पादनमूलक उद्योग र नयाँ प्रविधि एवं व्यापारयोग्य सेवाहरुमा आकर्षित गरिने बताएको थियो । घोषणापत्रमार्फत सम्पूर्ण खेतीयोग्य जमीनमा सिंचाइ सुविधाको घोषणा, बजारीकरणको व्यवस्था सहित गहुँ, मकै, धान तथा तरकारीको उत्पादन बढाउन पकेट क्षेत्र विकासको घोषणा र बाली बीमा विस्तार गर्ने लगायतका थुप्रै सपना बाँडेको थियो । तर, यी सपनाहरु ५ वर्षे अवधिमा घोषणपत्रमै सीमित रहे जसले गर्दा कांग्रेसप्रतिको जनविश्वास पनि खुम्चिन थालेको छ ।

### एजेण्डा बिर्सेर भागबण्डातिर मधेशी दल

मधेश र मधेशीका सपना साकार पार्ने हक अधिकार दिलाउने आश्वासन दिएर चुनाव जितेपछि वास्तविक मुद्दा विर्सनु मधेश-केन्द्रित दलका लागि नौलो रहेन । पटक-पटक सत्तामा पुगेका र चुनाव जितेका नेताहरुले चुनावमा तयार पारेका घोषणापत्रले मधेश नै कायापलट हुने आश्वासन त दिए तर वाचा पूरा भने गरेनन् । गत चुनावमा मधेशकेन्द्रित दलहरुले 'सबैको पहिचान, सबैको अधिकार- राजपालाई मत, एक मात्र अधिकार' भन्दै समुन्नत नेपाल, सम्पन्न नेपाली, सार्थक संविधान, समावेशी राज्य, समतामूलक समाज, सार्वभौम नागरिक भन्ने विषयलाई घोषणापत्रमा जोड दिएको थियो ।

हरेक क्षेत्र, विशेष क्षेत्र भन्दै मिथिला, भोजपुरा, अवध र थारु समुदायको इतिहास, भाषा, संस्कृति र कलालाई संरक्षण गर्ने उद्देश्यले उपयुक्त स्थानहरुमा संग्रहालय र अनुसन्धान केन्द्रहरुको स्थापना गर्ने, प्रदेश नम्बर-२ मा निर्माण गरिने पहिलो दुई वटा पाँचतारे होटेललाई करमा पूर्ण छुट दिने, एक अर्बभन्दा बढी लगानीका कुनै पनि उद्योगलाई करमा ५० प्रतिशत छुट दिने घोषणा गरेको थियो ।

जनकपुर अन्तराष्ट्रिय पर्यटन स्थल एवं विश्व हिन्दू केन्द्रलाई सो दलले प्राथमिकता दिएको थियो । उसले जनकपुरको बृहत र चौतर्फी विकासका लागि दक्ष र अनुभवी विशेषज्ञहरुको सहयोगमा आधुनिक गुरुयोजना तयार गरी जनकपुरलाई अन्तर्राष्ट्रिय पर्यटन र अध्यात्मिक केन्द्रको रुपमा विकास गर्ने कुरा गरेको थियो । त्यति मात्र नभएर जनकपुर विमानस्थललाई सुरुमा क्षेत्रीय र पछि अन्तर्राष्ट्रिय आधुनिक विमानस्थलको रुपमा स्तरोन्नति गर्ने विषय पनि दलका महत्वपूर्ण प्राथमिकतामा थिए ।

उच्च शिक्षा र वैदेशिक रोजगारीमा जान चाहने युवाका लागि धरौटीसहित ऋण उपलब्ध गराउने, बैंक तथा वित्तीय संस्थाहरुलाई कुल ऋण प्रवाहको कम्तिमा एक प्रतिशत युवाहरुको नयाँ कारोबारमा लगानी गर्नुपर्ने व्यवस्था गर्ने घोषणापत्रमा उल्लेख थियो । विराटनगर, जनकपुर, वीरगन्ज, भैरहवा, नेपालगन्ज र धनगढीमा आधुनिक क्रिकेट मैदानको निर्माण गर्ने, त्यसमध्ये कुनै दुईलाई अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने रंगशालाको रुपमा विकास गर्ने सपना पनि उनीहरुले खेलप्रेमी युवाहरुलाई बाँडेका थिए ।

सहज आवागमन र सामानको ढुवानीका लागि हुलाकी मार्गलाई तराई-मधेस लोकमार्ग नामकरण गर्दै यथाशीघ्र सम्पन्न गरी थप सडक सञ्जालको निर्माण गर्ने उनीहरुको अर्को एजेण्डा थियो । पूर्व-पश्चिम राजमार्गको समानान्तर हुने गरी आधुनिक रेलमार्गको निर्माण गर्ने विषयलाई विशेष प्राथमिकतामा राखिए पनि पाँच वर्षे अवधिका ती योजना पनि उनीहरुको घोषणापत्रमै सीमित हुन पुग्यो ।

सरकारमा जान संविधान संशोधनको राजनीतिक एजेण्डा अघि सार्ने मधेसवादी नेताहरु सरकारमा हुँदा भने तिनै एजेण्डामा पनि मौन रहने गर्छन् । तर, उनीहरु जब सत्ताबाहिर पुग्छन्, आफैंले शपथ ग्रहण गरेको संविधान जारी भएको दिनलाई कालो दिन भनेर भाषण ठोक्न पुग्छन् । यस्तो प्रवृत्तिबाट उनीहरुको स्वार्थी चरित्रको पर्दाफास हुने गरेको विश्लेषकहरु बताउँछन् ।

राजनीतिक विश्लेषक तुलानारायण साहका विचारमा त पाँच वर्षमा स्थानीय सरकारहरूमा अराजकता मात्रै देखिएको छ । घोषणापत्र कार्यान्वयन त लेखाइमा मात्रै सीमित भएको उनको तर्क छ । जुन प्रकारले बजेट गयो, जसरी नीतिनिर्माण हुनुपर्थ्यो, त्यसो भएन । बरु अधिकांश ठाउँमा अराजकता देखियो ।

अहिले स्थानीय र प्रदेश सरकारको प्राथमिकता मूलतः बाटोमा माटो बनेको छ । त्यसपछि मठ, मन्दिर निर्माण पनि पर्ने गरेका छन् । सारमा भन्दा, लागि भौतिक संरचनाको निर्माण प्राथमिकतामा पर्ने गरेको देखिन्छ । संघीय सरकारको पनि धेरैजसो बजेट बाटो, घाटोमै गएको छ । 'घोषणापत्र त जनता झुक्याउने कागज मात्रै भएको प्रष्ट भएको' साहको टिप्पणी छ । भौतिक संरचना निर्माणमा ठूलो बजेट हुने भएकोले यसतर्फ सबैको आकर्षण देखिने गरेको उनको मूल्यांकन छ ।

### विकल्प नबनेका वैकल्पिक दल

देशलाई ठूला र स्थापित दलले निकास दिन नसकेको भन्दै नयाँ अवधारणासहित आएका विवेकशील साझा, राप्रपा, जनमोर्चा लगायतका साना दलको पनि अवस्था पनि उही छ । जनमत जित्नका लागि अनेक प्रयत्न गरे पनि उनीहरुले न आफ्नो बाचा पूरा गरेका छन्, न त लोकप्रिय बन्न नै सकेका छन् । बरु आन्तरिक कलहका कारण सानो संख्यामा रहेका उनीहरुको संख्या पनि टुटफुटको दिशामा अघि बढेको छ ।

'वेस्ट-मिनिष्टर मोडेलको संसदीय प्रणालीले अस्थिर सरकार, अप्राकृतिक सत्ता समीकरण लगायतका विकृति निम्त्याएको सन्दर्भमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री सहितको शासकीय स्वरुप उपयुक्त हुने भन्दै गत चुनावमा विवेकशील साझाले घोषणापत्र सावर्जनिक गरेको थियो । उसले सहभागीतामूलक लोकतन्त्र, समन्वयात्मक बजार अर्थतन्त्र, लोककल्याणकारी र समावेशी राज्य आफ्नो मार्गदर्शक विचार भएको भन्दै जनतालाई आफ्नो पक्षमा आउन अपिल समेत गरेको थियो ।

आफ्नो संगठनभित्र उम्मेदवार चयन गर्दा प्रारम्भिक निर्वाचन गरिने, राइट टु रिकल, राइट टु रिजेक्ट जस्ता पद्धति अपनाएर पार्टीको आन्तरिक लोकतन्त्र संस्थागत गरिने, उनीहरुको राजनीतिक कुरा थियो । यसै गरी जनताको सुविधाजनक जीवनयापनसँग सम्बन्धित हुने गरी रोजगारी, भरपर्दो आवास, बिजुली, पानी, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, स्वच्छ वातावरण जस्ता जनताका आधारभूत आवश्यकताको सुनिश्चित गरिने उनीहरुले बताएका थिए ।

यातायात, उर्जा, सूचना प्रविधि लगायतका पूर्वाधारहरु तीव्र गतिमा निर्माण गर्ने, ग्रामीण वस्ती विकास, व्यवस्थित शहरीकरण र आवासको योजना तर्जुमा र कार्यान्वयन गर्ने विषयलाई पनि उनीहरुले उठाएका थिए । तर, घोषणापत्रमा उठाइएका विषयले कहीँकतै प्राथमिकता पाएनन्, बरु उनीहरुको दलभित्रको आन्तरिक लोकतन्त्र नै धरापमा पऱ्यो । पटक-पटकको मिलन र विछोडको श्रृंखला दोहोऱ्याउँदै दल नै पुनः विभाजनको बाटोमा लाग्यो ।

पञ्चायती व्यवस्थाको विसारतमा खडामा भएको राप्रपाको हालत पनि उही देखियो । बरु टुटफुटको श्रृंखलालाई कायम राखेको सो पार्टीको अस्तित्व जोगाउन हम्मेहम्मे परेको अवस्था देखिँदैछ । वैकल्पिक शक्ति भनेर दाबी गर्नेहरुबीचको आन्तरिक कलह चुलिँदा घोषणापत्र कार्यान्वयन पनि बोलीमै सीमित हुन पुगेको छ ।

### अबको विकल्प के ?

प्रजातन्त्रको पुनःस्थापना अर्थात् २०४६ पछाडिको ३२ वर्षमा पटक-पटक सरकार परिवर्तन भए । समाजमा व्याप्त गरिबी, अशिक्षा अन्याय, सामाजिक विभेद, भ्रष्टाचार, कालोबजारी, दण्डहीनताजस्ता समस्या यसबीचमा कम भएनन्, बरु बढेरै गएको देखिएका छन् । यसका कारण राजनीतिको केन्द्रबिन्दुमा रहेका दलको कार्यशैलीबाट असन्तुष्ट नागरिकले फेरि पनि व्यवस्था नै परिवर्तनको आवाज उठाउन थालेका छन् ।

जनता मात्रै होइन, नेताहरु स्वयं पनि जनताप्रति गरेको कुनै बाचा पूरा नगरी चुनावमा गाउँ कसरी फर्किने भन्ने चिन्तामा छन् । जनतालाई कसैप्रति आशा नभएका कारण खराब लागेकामध्येकै कुनै न कुनै राजनीतिक दलका उम्मेदवालाई भोट हाल्नुपर्ने बाध्यता रहे पनि उनीहरुका घोषणापत्रबाटै प्रभावित हुने स्थिति भने न्यून बनेको छ ।

यस्तो अवस्थामा अब दलले के गर्ने त ? 'सक्किने कि सच्चिने' भन्ने ढंगबाट सोच्नुपर्ने राजनीतिक विश्लेषक विष्णु दाहालको सुझाव छ । जनआंकाक्षा बढ्दो छ तर दलहरुको प्रवृत्तिले ती आकांक्षालाई पूरा गर्ने कुनै गुन्जाइस देखिँदैन । यस्तो अवस्थामा अब सच्चिनेतर्फ अघि बढ्नुको विकल्प नभएको विश्लेषक दाहालको निचोड छ ।

यसका लागि ती दलहरुले अपनाइआएको कार्यशैलीबाट उनीहरु बाहिर आउनुपर्ने दाहालले लेखेका छन् । तर, दलका नेताहरु भने सत्तामा जाने, सत्ताबाट बाहिरिने र व्यक्तिगत स्वार्थपूर्ति गर्ने काममा मात्रै लागेका छन् । बढ्दो वितृष्णाका बीचबाट फाइदा उठाउन चाहनेहरुले व्यवस्था परिवर्तन, राजतन्त्रको पुर्नस्थापना र वैकल्पिक शक्तिबारे अनेक छलफल चलाए पनि जनताको परिवर्तनको चाहनालाई आत्मसात गरेर अगाडि बढ्ने परिवर्तनकारी दल भने देखिएको छैन । तसर्थ, जनताको बढ्दो वितृष्णा र नेपालको वर्तमान आवश्यकताको समीक्षा नगरी झुटा आश्वासन र प्रचारमा मात्रै जनतालाई भुलाइरहने प्रवृत्ति त्यागेर वास्तविक जनसेवक हुन तयार दलका लागि भने आगामी निर्वाचनहरु ठूलो अवसर प्रमाणित हुने निश्चित छ ।

---

कविता



• राज कुमार कार्की

## 'नव वर्ष'

नव वर्ष ।
दुई हजार उनासी तिमी हाँसो खुसी लिएर आउ
पुरानो वर्ष अठहत्तरलाई बिदा दिएर आउ ।
वसन्त ऋृतुमा फेरिएको रुखको पाउला बनेर आउ
ऋृतुहरु मध्यको राजा वसन्त ऋृतु नै बनेर आउ ॥

नव वर्ष ।
तिमी पिलरहरुमा जङ्गे पिलल बनेर आउ
सगरमाथाको जस्तै उच्चो शीर बनेर आउ ।
तिमी विचारहरुमा मेलमिलापको विचार बनेर आउ
बुद्धको शान्ति परिवर्तनको क्रान्ति बनेर आउ ॥

नव वर्ष ।
तिमी स्वयम्भूका ती दुई आँखा बनेर आउ
लालीगुराँस फूल्ने वन भिर पाखा बनेर आउ ।
चार जात छत्तीस वर्णको फूलबारी बनेर आउ
सयपत्री फूलहरुका मालाहरु बनेर आउ ॥

नव वर्ष ।
तिमी भिर पाखाका लता लहराहरु बनेर आउ
नदी नाला झरना छहरा पोखरी बनेर आउ ।
कर्णालीका जडिबुटी यार्सागुम्बा बनेर आउ
गरिबका भकारीहरु भरि अन्न बनेर आउ ॥

नयाँ वर्ष ।
तिमी झुपडीलाई महल बनाउन आउ
शिक्षा स्वास्थ गरिबीमा खुसी लिएर आउ ।
परिवर्तनलाई आत्मसात गर्दै गर्दै आउ
भुन्टे र कालीका भविष्य बनेर आउ ।

नव वर्ष ।
तिमी रुखको शीतल छहारी बनेर आउ
ध्रुव तारा झैँ सधैं अटल नै बनेर आउ ।
पूर्णिमाको रातको पूर्ण चन्द्र बनेर आउ
बिहानीको उज्यालोकै किरण बनेर आउ ॥

नव वर्ष ।
तिमी गरिबको चिसो चुलो जल्ने आगो बनेर आउ
बैरीको लागि चिल्न सक्ने फागो बनेर आउ ।
कालापानी लिपुलेक लिम्पियाधुरा भएर आउ
पूर्वमा टिष्टा पश्चिममा किल्ला काँगडा गएर आउ ॥

नव वर्ष ।
चन्द्र सूर्य अंकित नेपालको राष्ट्रिय झण्डा बनेर आउ
प्रत्येक नेपालीको मुटुमा राष्ट्रियताको धमनी बनेर आउ ।
तिमी सधैं नेपालको चुच्चे नक्सा बनेर आउ
हिमाल पहाड तराईका पाइला बनेर आउ ॥

नव वर्ष ।
डाँफे मुनाल कोइलीको स्वर बनेर आउ
मयूरको जस्तै नाच बनेर आउ ।
तिमी राष्ट्रिय जनावर बनेर आउ ।
राष्ट्र राष्ट्रियता प्रजातन्त्र समाजवाद बनेर आउ ॥

नव वर्ष ।
तिमी मर्यादा पुरुष राम बनेर आउ
द्वापार युगका फेरि कृष्ण बनेर आउ ।
नारीहरुमा सधैं सीता बनेर आउ
आयुमा भीष्म पितामह बनेर आउ ॥

नव वर्ष ।
निर्मलाहरुका चीत्कार सुन्ने स्वर बनेर आउ
खाडीका पसिना पुछ्ने रुमाल बनेर आउ ।
प्रत्येक नेपालीको वाणीमा सरस्वती बनेर आउ
सारा नेपालीको घर घरमा लक्ष्मी बनेर आउ ॥

नव वर्ष ।
पुरानो वर्ष अठहत्तर साललाई बिदा दिएर गराउ ।
तराई पहाड हिमालमा सारा नेपालीमा खुसी लिएर आउ ।
वसन्त ऋृतुमा फेरिएका रुखको पाउला बनेर आउ
ऋृतुहरुको राजा वसन्त ऋृतु नै बनेर आउ ॥

*मे न पा -१५, झापा ।*

# शिक्षा सुधारमा अभिभावकको भूमिका

जसलाई आफ्नो भविष्य नजान्ने, तर अरुका भविष्यबारे सुझाव अर्ति उपदेश दिने सडक पेटीमा बस्ने ज्योतिषका हैसियतसँग दाज्दा अन्यथा नहोला । कानुनमा आवश्यक संशोधन गरेर यस्ता विकृतिलाई निरुत्साहित गरिनु पर्दछ ।



■ बाबुकाजी कार्की

> ६ यसरी विद्यालय सञ्चालन गर्न चाहिने स्रोत साधानको तर्जुमा गर्न अभिभावकसँगको सद्भावयुक्त सू-सम्बन्धले मात्रै सहज हुनसक्छ । विद्यार्थीको पठनपाठन गुणस्तरीय भए मात्र अभिभावकको विश्वास र आस्था विद्यालयप्रति हुनेमा दुई मत हुन सक्दैन् ।

विद्यालयको भौतिक, आर्थिक तथा आवश्यक मानवी स्रोत साधानको व्यवस्थापनका लागि पर्याप्त लगानीको खाँचो पर्दछ । सरकारी अनुदानमा सञ्चालित सामुदायिक विद्यालय सञ्चालन गर्न सरकारले अनुदान प्रदान गरेको हुन्छ । तर, त्यस्तो अनुदान विद्यालय सञ्चालन पर्याप्त नभएको गुनासो व्यवस्थापन समितिको पाइन्छ । निजी विद्यालय सञ्चालन त अभिभावकबाट उठाइने विभिन्न शुल्कबाट नै हुन्छ । यसरी विद्यालय सञ्चालन गर्न चाहिने स्रोत साधानको तर्जुमा गर्न अभिभावकसँगको सद्भावयुक्त सू-सम्बन्धले मात्रै सहज हुनसक्छ । विद्यार्थीको पठनपाठन गुणस्तरीय भए मात्र अभिभावकको विश्वास र आस्था विद्यालयप्रति हुनेमा दुई मत हुन सक्दैन् । विद्यालय शिक्षाको सबलीकरण गर्न अभिभावकसँगको सद्भाव, सहयोग, सहकार्य, समन्वय, स्वामित्व, समीक्षा र स्वमूल्यांकन अर्थात् सात आधारभूत शर्त हुन् ।

आश्रितलाई पालनपोषण रेखदेख हेरविचार गरी संरक्षण गर्नेलाई सामान्य अर्थमा अभिभावक भनिन्छ । संरक्षकले आश्रितको भरणपोषण शारीरिक मानसिक, सामाजिक लगायत चौतर्फी विकासको लागि उपयुक्त वातावरण बनाउने अभिभारा बहन गर्नुपर्छ । अतः आश्रितको चौतर्फी विकासको लागि आवश्यक साधनस्रोत जुटाउने तिनीहरुको यथोचित सदुपयोग गर्ने कामको स्तरबाट मात्रै सफल अभिभावक मूल्यांकन हुनसक्छ । अभिभावक शब्दको व्यापक प्रयोग शिक्षा क्षेत्रमा महत्वका साथ हुनेगरेको पाइन्छ । बर्तमान शिक्षा ऐन नियमले विद्यालयको व्यवस्थापकीय पक्षमा सेवाग्राहीको स्वामित्व स्पापना गर्ने हेतु व्यवस्थापन समितिको पदाधिकारी बन्न विद्यार्थीको अभिभावक हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

बालबालिकाको विकास र बृद्धिमा परिपक्ता नआइसक्ने हुनाले उनीहरुको रेखदेख गरी आवश्यक्ता अनुसार न्यानो माया सदभाव र सहयोगको खाँचो पर्दछ । अझ शिक्षा आर्जनको लागि त घर परिवारको शैक्षिक वातावरणले अहम् भूमिका खेल्छ । बालबालिकाको विकास बृद्धि तथा रुचिअनुसार शैक्षिक वातावरण तर्जुमा गर्न आवश्यक सामग्री जुटाउन एक सचेत अभिभावकको सकारात्मक भूमिकाको नजरअन्दाज गर्न सकिन्न । यस तथ्यलाई आत्मसात गरेर शिक्षा ऐनले पनि अभिभावकको अधिकारिक पहुँच विद्यालयसम्म पुऱ्याउने हेतुले विद्यालय व्यवस्थापन समितिको गठनमा अभिभावक हुनुपर्ने अनिवार्यता गरेको हो ।

तर, कतिपय विद्यालयमा काइते तरिकाबाट नक्कली अभिभावक बनेर विद्यालयमा आफ्नो हैकम जमाउने कुत्सित नियत लिएर पनि प्रवेश गर्ने अपसंस्कृति हावी भएको पाइन्छ । त्यस्ता स्वघोषित नक्कली अभिभावकले विद्यार्थीको हितको भन्दा आफ्नो व्यक्तिगत अभिष्ट पुर्ति गर्न प्राथमिकता दिएको पाईन्छ ।

अभिभावकलाई घरमा बालबालिकाको पठनपाठनको कसरी व्यवस्थित गर्न सकिन्छ, विद्यालयको पठनपाठनलाई व्यवस्थित बनाउन के कस्तो योगदान पुऱ्याउन सकिन्छ ? वा विद्यालयप्रति अपनत्वको भावना जगाउने खालको कार्यक्रमलाई प्रोत्साहन एवं कार्यान्वयन गर्नु आजको संगठित अभिभावकहरुका प्राथमिकतामा पर्नु पर्दछ न कि स्वःघोषित पदीय ढोंगी हैसियत प्रदर्शन गर्न ।

खाँटी अभिभावकहरुको व्यवस्थापन समिति गठन गर्ने नीति बनाई उनीहरुको सञ्जाल गठन गरी विद्यालयको शैक्षिक वातावरण गुणस्तरीय बनाउनु पर्दछ । व्यवस्थापन समितिको आफ्नो तीन बर्षको कार्यकालमा गरिने विकास र बृद्धिका निम्ति रणनीतिक कार्ययोजना भएको घोषणापत्र सार्वजनिक गरी उम्मेदवारी दिई आमअभिभावकबाट अनुमोदित गर्दै पदाधिकारी चयन गर्ने व्यवस्था भएमा निहित स्वार्थका लागि समितिमा प्रवेश गर्ने दुस्प्रयाशलाई केही हदसम्म निरुत्साहित गर्न टेवा पुग्न जान्छ ।

विद्यालय व्यवस्थापन समिति गठनमा देखिएका कतिपय विकृतिले शैक्षिक वातावरण अस्तव्यस्त बनाएको देखिन्छ । एउटा विद्यालयको शिक्षक अर्को विद्यालयको व्यवस्थापन समिति पदाधिकारीमा बसी प्रधानाध्यापक तथा शिक्षकलाई कज्याउने अभिष्ट राख्ने शिक्षकको संख्याको पनि कमी छैन । जसले आफू कार्यरत रहेको विद्यालयको दुरदशा स्वयंमले सुधार्न सकेको हुँदैन । त्यस्ताले अर्को विद्यालयको व्यवस्थापनमा के सहयोग गर्लान् ! जसलाई आफ्नो भविष्य नजान्ने, तर अरुका भविष्यबारे सुझाव अर्ति उपदेश दिने सडक पेटीमा बस्ने ज्योतिषका हैसियतसँग दाज्दा अन्यथा नहोला । कानुनमा आवश्यक संशोधन गरेर यस्ता विकृतिलाई निरुत्साहित गरिनु पर्दछ ।

व्यवस्थापन समितिमा विद्यार्थीको प्रतिनिधित्व अनिवार्य गराउन सके बढी व्यावहारिक होला कि ! किनकि वास्तविक प्रमुख सेवाग्राही भनेका विद्यार्थी हुन् । विद्यार्थी वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन् भन्न यथार्थ बिर्सिनु हुँदैन । साथै, बालबालिका र विद्यार्थीले केही जान्दैनन् थाहा छैन भन्ने परम्परागत रुढीवादी मान्यताबाट मुक्त हुनुपर्दछ । कतिपय अवस्थामा धेरै कुरा उनीहरुबाट सिक्न सकिन्छ । विद्यालयमा आउटडेटेड (बासी) शिक्षा दिने परम्परा निरुत्साहित गर्दै विद्यार्थीको चाहना र क्षमताअनुसार शिक्षा प्रदान गर्न उनीहरुको सक्रिय सहभागितालाई प्रोत्साहित गरिनु पर्दछ । लोकतान्त्रिक संस्कारको अभ्यास र विकास गर्ने थलोको रुपमा विद्यालय संचालन गरिनु पर्दछ ।

शिक्षण संस्था शिक्षाका अन्य निकाय र पदाधिकारीको रोजगारीको श्रोत भनेकै विद्यार्थी हुन् । अतः विद्यार्थीको कारणबाट विद्यालय खुल्छन् । शिक्षक र शिक्षा निकायका कर्मचारीले रोजगारी पाउछन् आयआर्जनको स्रोत हुन्छ र आफ्नो जीविका चलाउने अवसर पाउछन् । अतः यथार्थतामा सम्पूर्ण शिक्षण संस्थामा रोजगारी गर्ने शिक्षाकर्मीको रोजगारदाता विद्यार्थी नै हुन् । यसरी जागिरको सार्वभौम विद्यार्थीको संख्यात्मक र गुणात्मक अवस्थामा अडेको हुन्छ भन्दा अन्यथा नहोला । तसर्थ, शिक्षा क्षेत्रमा कार्यरत पेशाकर्मीहरुको अन्नदाता हाकिम विद्यार्थी हुन् ।

विद्यार्थीलाई खुसी पार्न सकेमा मात्र रोजगार सुरक्षित हुने अन्तिम सत्य हो । उनीहरुको चौतर्फी विकासलाई सर्वोपरी मानेर शैक्षिक गतिविधि सञ्चालन गरिनुपर्दछ । विद्यार्थीहरुको कारणबाट आयआर्जन गरी आफ्नो र परिवारको भरणपोषण शिक्षाकर्मीका लागि आधार स्तम्भ भएकोले वास्तविक अभिभावक विद्यार्थी हुन् । अझ नीजि संस्थागत विद्यालयमा त सम्पूर्ण खर्च विद्यार्थीको स्रोतबाट सञ्चालन हुन्छन् । जसले गर्दा उनीहरुलाई प्रतिस्पर्धी बनाएको पनि छ । बालबालिकाले विभिन्न माध्यमबाट स्वभावैले शिक्षण संस्था बाहिर पनि धेरै कुरा सिक्न र जान्न सक्छन् ।

यी वास्तविक अभिभावक विद्यार्थीको अनुभवलाई शैक्षणिक गतिविधि सञ्चालनमा सहभागी बनाउन प्रोत्साहित गर्न कञ्जुस्याई गरिनु हुन्न । अन्यथा "जसको बिहे उसलाई देख्न नदे" भन्ने युक्ति चरित्रार्थ नहोला भन्न सकिन्न । विद्यार्थीको कारणबाट शिक्षाका निकाय संघसंस्थाको स्थापना र रोजगार सिर्जना हुने हुँदा समग्र शिक्षा क्षेत्रका पदाधिकारीहरुको वास्तविक अभिभावक विद्यार्थी भएकाले शैक्षिक नीति निर्माण योजना कार्यक्रम इमान्दारीपूर्वक विद्यार्थीलाई केन्द्रविन्दुमा राखेर बनाउनु पर्छ भन्दा दुईमत नहोला ।

विद्यालयको बातावरण चित्ताकर्षक रमणीय, बनाउन सके विद्यार्थी विद्यालयबाट भागेर घर जानुको साटो घरबाट भागेर विद्यालय आउन सक्छन् । विद्यार्थीहरु व्यवस्थापन समितिमा पनि अभिभावक हुन् । किनकि, उनकै कारणबाट पदाधिकारी हुन पाएको यथार्थ बिर्सन हुँदैन । बालबालिका स्वभावैले चञ्चले र खेल्न रुचाउँछन्, त्यसकारण विद्यालयमा कक्षा कोठा भन्दा ।

सुरक्षित खेल्ने चौरले महत्व राख्दछ । हाम्रो देश गरिब नभएर व्यवस्थापकीय पक्ष कम्जोर हो भन्नेझैं विद्यालय व्यवस्थापन समितिले आफ्नो जीम्मेवारी इमान्दारीपूर्वक योजनाबद्ध रुपमा सम्पन्न गरिनु पर्दछ । अन्ततः शिक्षा क्षेत्रमा कार्यरत सम्पूर्ण शिक्षाकर्मीहरुको पेशागत पदीय हैसियतको सार्वभौमिक्ता विद्यार्थीको संख्यात्मक र गुणात्मक वास्तविक्तामा अडेको हुन्छ । त्यसकारण वास्तविक अभिभावक विद्यार्थी नै हुन् भन्दा अन्यथा नहोला । सचेत अभिवाक, अनुशासित विद्यार्थी, व्यवहारिक पाठ्यक्रम, दूरदर्शी प्रधानाध्यापक, लगनशील शिक्षक, कुशल व्यवस्थापन समिति, जागरुक समुदाय र भविष्यदर्शी एवं कार्यान्वयनयोग्य शिक्षा नीतिमा मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता हुनेतर्फ सबैको हेक्का रहनु बुद्धिमानी ठहर्छ ।



काठमाडौं महानगरको अनुरोध

काठमाडौं महानगर क्षेत्र भित्र

- घरबाट निस्केको फोहोरलाई घरमै तह लगाऔं ।
- घरबाट निस्कने जैविक फोहोरबाट घरमा नै मल बनाऔं ।
- अजैविक फोहोरमैलालाई पुनः प्रयोग गरी आय–आर्जन गरौं ।

साथै काठमाडौं महानगरपालिकाबाट प्रदान गर्ने सेवा सुबिधाप्रति कुनै पनि गुनासो भएमा सम्पर्क नम्बर ४२२७२४० मा सम्पर्क गरौं ।

"कर तिरौं, महानगरको सेवामा चासो राखौं"
"सांस्कृतिक सहर, काठमाडौं महानगर"

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फोन: ०१-४२३१३१२

नयाँ वर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना

बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र भण्डारी, अध्यक्ष
जनक रावल, महासचिव

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
परिवार
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ०१-४४६४३०१, ४४६४७२६

नयाँ वर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०७९ सालको पावन अवसरमा देश तथा बिदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सु-स्वास्थ दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टौमाया गुरुङ
का.ब.अध्यक्ष
तथा
तमु (गुरुङ) समाज कतार
परिवार

नयाँ वर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना

बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड
परिवार
तिनकुने, काठमाडौं, फोन: ०१-५१९९६६४, ५१९९६६५

नयाँ वर्ष २०७९ ले सबै नेपालीहरुमा उमंग ल्याओस
हार्दिक मंगलमय शुभकामना

होम प्रसाद तिमिल्सीना
संचालक
तथा
Lic. No. 470/060/061
Al SADEEL FOR RECRUITMENT (P) LTD.
अल सदिल फर रिक्रुटमेन्ट प्रा.लि.
Foreign Employment Services
अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, सम्पर्क नं.: ९८४४०६५१२९

नयाँ वर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०७९ मा समग्र नेपालीजनमा विगतका नकारात्मक विसङ्गति, कुरीति, अमानवीय अराजकता तत्वहरुबाट मुक्त रही सबैमा सकारात्मक भावसँगै नयाँ जोस उमङ्ग, उत्साह, विकास, समृद्धि, शान्ति, प्रगति, सद्भाव, सु-स्वास्थ्य र मायाले भरिपूर्ण रहोस् भनी तमु प्ये ल्हु संघ कतार परिवारको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।

चन्द्र ल्हेगें गुरुङ्
अध्यक्ष, एवं
तथा
तमु प्ये ल्हु संघ कतार, परिवार

# गठबन्धन संस्कृतिको सकस

सत्तागठबन्धन भत्काउने प्रयास र त्यस अनुरुपका अनेकन चुनौतीहरू रहेको नेता लेखक स्वीकार गर्छन् । यस्तो प्रयासमा अमेरिकी सहयोगसम्बन्धी सम्झौता मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी)लाई प्रयोग गर्न खोजिएको गठबन्धनका नेताहरू पनि स्वीकार गर्छन् ।



● तुलबहादुर मगर

"उसो त अहिलेको पाँच दलीय सत्ता गठबन्धन सहजै बनेको होइन । गठबन्धन बनाउँदा नै सकस भोगेका थिए दलहरुले । ०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेपछि प्रतिवादमा उत्रिए प्रचण्ड र माधव नेपालहरु । नेपाली कांग्रेसपनि प्रतिवादमा उत्रियो तर, एक्लै । त्यसबेला नै प्रचण्ड र नेपालले सहकार्यको हात कांग्रेसतिर अघि बढाएका थिए । तर, सफल हुन सकेको थिएन ।

गत मंगलबार प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले चितवनको भरतपुर महानगरपासलकाको मेयर सत्ता साझेदार नेकपा माओवादी केन्द्रलाई दिन तयार रहेको अभिव्यक्ति दिए । पाँच दलीय गठबन्धनको नेतृत्व गरिरहेको कांग्रेसको स्थानीय नेतृत्वले यस पटक चितवनको भरतपुर महानगरपालिकाको मेयर पदमा आफ्नो पार्टीबाट उम्मेदवार हुन पाउनु पर्ने अडान लिइरहेका बेला आएको देउवाको यस्तो भनाइले स्वमं कांग्रेसभित्र त तरंग पैदा भयो नै कतै अन्तरघात भएर माओवादी उम्मेदवार पराजित हुने त होइन ? भन्ने आशंका जन्माएको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले भरतपुरमा हाल मेयर रहेकी छोरी रेणुलाई पुनः अवसर दिइनुपर्ने जिकिर गरिरहेका छन् । सोही कुरा उनले प्रधानमन्त्री देउवा समक्ष राखेपछि देउवा गठबन्धन टुट्ने डरले प्रचण्डको माग पूरा गर्न तयार छन् । तर, कार्याकर्ताले के गर्छन् ? केही गरी भरतपुरमै माओवादी उम्मेदवार पराजित भए अहिलको पाँच दलीय सत्तागठबन्धन कायम रहन्छ कि रहँदैन भन्ने प्रश्नलाई पनि सँगसँगै अगाडि आएको छ ।

उसो त अन्य स्थानीय तहहरुमा पनि कांग्रेस र माओवादी केन्द्रबीच प्रमुख कसले लिने भन्नेमा विवाद छ । अघिल्लो निर्वाचनमा गठबन्धनका जुन दलले जहाँ जहाँ जितेका थिए, त्यो ठाउँ यसपालि पनि उसैलाई दिने सहमति कार्यान्वयन गर्दा पनि भरतपुरमा समस्या समाधान नहुने देखा परिसकेको छ । एमालेले जितेको स्थानमा गरिने भागवण्डमा पनि कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा)का नेताहरु दौडधूप गरिरहेका छन् । सबै ठाउँमा केन्द्रले भागवण्डा गर्दा स्थानीय कार्यकर्ताले खुरुखुरु मानेनन् भने, अन्तरघात भएर अर्को पार्टीको उम्मेदवारले जित्यो भने अहिलेको गठबन्धन के हुन्छ ? भन्ने प्रश्न स्वमं गठबन्धनमा रहेका नेताहरुमा रहेको पाइन्छ । यही आशंका चिर्न पाँच दलले तालमेलका ७ आधार तय गरेको छ ।



सत्तारुढ पाँच दलका शीर्ष नेताहरुको मंगलबार बसेको बैठकले तालमेलका ७ आधार तय गरेको हो । जसमा तालमेलबारे निर्णय गर्ने संयन्त्रहरु बनाइएको छ । सत्तारुढ पाँच दलले वडा सदस्य र वडाध्यक्षमा चुनावी तालमेल गर्ने अधिकार पालिकास्तरीय संयन्त्रलाई दिएका छन् ।

## बनाउँदै सकस !

उसो त अहिलेको पाँच दलीय सत्ता गठबन्धन सहजै बनेको होइन । गठबन्धन बनाउँदा नै सकस भोगेका थिए दलहरुले । ०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि प्रतिवादमा उत्रिए पुष्पकमल दाहाल प्रचण्ड र माधव नेपालहरु । नेपाली कांग्रेसपनि प्रतिवादमा उत्रियो तर, एक्लै । त्यसबेला नै प्रचण्ड र माधव नेपालले सहकार्यको हात कांग्रेसतिर अघि बढाएका थिए । तर, सफल हुन सकेको थिएन ।

तथापि, तयसबेला कांग्रेस नेता रामचन्द्र पौडेल समूह भने ओलीको विरोधमा थियो र मोर्चाबन्दीको पक्षमा थियो । तर, शेरबहादुर देउवा एक्लै विरोधमा थिए तर, एक्लै । अझ उनले ओलीको विटन स्वीकारेर चुनावमा जान चाहेको सार्वजनिक अभिव्यउक्ति नै दिए । संस्थापन इतर समूहका नेताहरू खुलेरै संसद विघटनको विरोधमा उत्रिँदा पनि देउवाले मौन रहेर चुनावमा जानुपर्छ भन्ने सोचलाई मलजल गरिरहे ।

नेकपा माओवादी केन्द्रका नेता दिनानाथ शर्माका अनुसार संसद विघटन बेठीक हो । तर, बामपन्थीहरू विघटित भएका बेला चुनावमा जाँदा फाइदा हुन्छ भन्ने कांग्रेसभित्रको सोचले त्यसबेला काम गरेको थियो । 'तर, त्यो चुनौतीपुर्ण अवस्थालाई पार गरेर लोकतान्त्रिक मुल्य मान्यताको पक्षमा कांग्रेस उभिँदा बलियो गठबन्धन बनेको छ । र अब यो गठबन्धन स्थानीय तहको चुनावमा थप बलियो हुँदै संघीय चुनावसम्म पुग्छ,' शर्माले भने । उनका अनुसार पनि अहिलेको गठबन्धन सहजै बनेको भने होइन । त्यसकारण बचाएर लैजानुपर्छ भन्ने माओवादीलाई लागेको छ ।

नेकपा माओवादी केन्द्रका नेता शक्ति बहादुर बस्नेतका अनुसार पनि केपी ओलीले पहिलो पटक दसंसद विघटन गर्दा सभापति देउवाले तत्कालीन प्रधानमन्त्री ओलीको संसद विघटनलाई मदत पुग्ने गरी नै चुनावको पक्षमा मत सार्वजनिक गरिरहे ।

देउवा प्रधानमन्त्री भएपछि पनि सत्तागठबन्धन टुटाउने अनेकन प्रयत्न भएको र भइरहेको सम्झन्छन् नेकपा एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ । 'हामीले एउटै पार्टीमा रहेर पुस ५ गतेको र जेठ ७ गतेको ओलीको अलोकतान्त्रिक कदमको विरोध गर्‍यौं । त्यहि विरोध गरेबापत्त पार्टीबाट निकाल्ने काम गरे' नेता श्रेष्ठ भन्छन्, 'गठबन्धन टुटाउनकै लागि प्रधानमन्त्री देउवाले विश्वासको मत लिँदा अनेकन लोभ लालच र धम्क्याउने कामहरू भए ।'

अहिले पनि कानून अनुसार निर्वाचन आयोगले गरेको दल दर्तालाई मान्दिन भनेर एमालेले अलोकतान्त्रिक चरित्रलाई प्रष्ट्याइरहेको श्रेष्ठको भनाइ छ । राजनीतिक दल सम्बन्धी अध्यादेशअनुसार आफूहरू निर्वाचन आयोग गएपछि कारबाही गरेको भनी वर्तमान सरकार ढलाउने प्रयत्न गरेको तर, त्यो सफल नभएपछि कतै केही गरी सभामुखले माधव नेपाल सहितका सांसदहरू कारबाहीमा परेको सूचना टाँसिहाल्छन् कि भन्ने मनोदशामा एमाले रुमल्लिरहेको उनको भनाइ छ ।

नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
प्रज्ञान न्यौपाने
प्रवन्ध निर्देशक, तथा
बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.
परिवार
प्रगति टोल, धुम्बराही ०४, काठमाडौं, फोन: ४४४००९३

नयाँ वर्ष २०७९ ले
सबै नेपालीहरुमा उमंग ल्याओस
हार्दिक मंगलमय शुभकामना
प्रेम बहादुर कटुवाल
अध्यक्ष तथा
ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
परिवार
महाराजगंज, काठमाडौं, फोन: ४७२१६३३

नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
दिनेश राई
प्रवन्ध निर्देशक
तथा
डाईमन्ड स्टार ओभरसिज प्रा. लि.
परिवार
काठमाडौं, फोन: ४७८६६८०

नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
धनलाल जैसी — अध्यक्ष
कुन्छा दोर्जे डिमडोङ — महासचिव
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च
परिवार

नव वर्ष २०७९ को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
विष्णु कुमार श्रेष्ठ
अध्यक्ष
तथा
DYNAMIC STAFFING
डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.
परिवार
टाउन प्लानीङ, सामाखुसी, काठमाडौं, फोन: ४३५७८२८, ४३५९५१८

नयाँ वर्षको
हार्दिक मंगलमय शुभकामना
नयाँ वर्ष २०७९ सालको पावन अवसरमा देश तथा बिदेशमा छरिएर रहनु भएका सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदिबहिनिहरुमा सुख, शान्ति, सु-स्वास्थ दीर्घायू एवं उत्तरोत्तर प्रगतिकोहार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
बिबेक पुलामी मगर
अध्यक्ष
तथा
नेपाल मगर संघ, शाखा कतार,
परिवार

नयाँ वर्षको
हार्दिक मंगलमय शुभकामना
नयाँ वर्ष २०७९ सालको पावन अवसरमा देश तथा बिदेशमा छरिएर रहनु भएका सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदिबहिनिहरुमा सुख, शान्ति, सु-स्वास्थ दीर्घायू एवं उत्तरोत्तर प्रगतिकोहार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
सरिता भण्डारी पौडेल
अध्यक्ष
तथा
नेपाली महिला समाज कतार,
परिवार

नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना
नयाँ वर्ष २०७९ सालको पावन अवसरमा देश तथा बिदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सु-स्वास्थ दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । नयाँ बर्षले देशमा राजनितिक अवस्था राम्रो होस् हामी प्रवासी नेपालीले आफ्नो देशमा रोजगार पाउने अवसर श्रृर्जना होस् भन्ने कामना गर्दछौं ।
चानक पोखरेल
अध्यक्ष, एवं
तथा
प्रवासी नेपाली मञ्च कतार
र
अन्तर्राष्ट्रिय कमिटी सचिवालय सदस्य तथा आर्थिक बिभाग प्रमुख

नयाँ वर्ष २०७९ को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
सन्त कुमार लामा (अध्यक्ष)
मधुकर रिजाल (महासचिव)
तथा
एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेपाल
परिवार
सिनामंगल-९, काठमाडौं । इमेल: uafeenepal@gmail.com

# संकटमा मात्रै सम्झने ?

अहिले सरकारले बिप्रेषणको वकालत गर्नु भनेको मर्ने बेलामा हरियो काँक्रो जस्तै हो । तर हरेक सत्ता जब जंघार तर्छ अनि लौरो बिर्सने गर्दछ, जुन ध्रुव सत्य पनि छ ।



■ श्याम नारायण मानन्धर

"राजनैतिक नेतृत्व यतिसम्म निर्लज्ज छन् कि आफ्ना कमी कमजोरीलाई सँधै लुकाउँछन् । सत्तामा रहँदा प्रतिपक्षको र प्रतिपक्षमा हुँदा सत्तालाई दोषी करार गर्छन् ।




वैदेशिक रोजगारले देशको अर्थतन्त्रमा निकै टेवा पुऱ्याएको भएपनि बिप्रेषणसँग जोडिएको बैदेशिक रोजगारलाई मानवीय र सामाजिक मूल्यमा राज्यले गलत ढंगले बुझेको छ । ईतिहासदेखि वर्तमानसम्म विभिन्न कालखण्डमा समग्र देशको आर्थिक परिसूचक धर्मराउनुमा प्रत्यक्ष वा परोक्ष रुपमा प्रमुख कारक विप्रेषण आम्दानीमा देखिएको शिथिलता हो ।

देशलाई गाह्रो-साह्रो परेको अवस्थामा पनि देशको अर्थ व्यवस्थाको बलियो आधार नै बैदेशिक रोजगार र रेमिटान्स हो भन्ने आधारका सम्पुष्टिहरु सायदै अब दिइराख्नु पर्दैन होला । कृषि प्रधान देश आज बिदेशी सहयोग र रेमिटान्समा परनिर्भर हुनुपर्ने अवस्था बास्तवमै दुःखदायी छ ।

तर, यो परिवेश आउनुमा देशको राजनैतिक अस्थिरता र बेइमानीले हो । राजनैतिक नेतृत्व यतिसम्म निर्लज्ज छन् कि आफ्ना कमी कमजोरीलाई सँधै लुकाउँछन् । सत्तामा रहँदा प्रतिपक्षको र प्रतिपक्षमा हुँदा सत्तालाई दोषी करार गर्छन् । हाम्रो देशको सत्ताको बागडोर सम्हाल्ने हरेक नेतृत्वलाई देशको अर्थविज्ञान बारेमा १० प्रतिशत ज्ञान हुँदैन भन्ने तथ्य वर्तमान अर्थमन्त्रीको स्वीकारोक्तीले प्रमाणित गर्दछ । जसलाई अर्थशास्त्रको ज्ञान नै छैन र राष्ट्रबैंकका गभर्नर जसले देशलाई वा सरकारलाई असहयोग गर्छन् । फलतः आजको आर्थिक संकट देशले ब्यहोरेको छ । कमजोरी लुकाउन एक अर्कामा दोषारोपण गर्दैछन् ।

देशले चिन्ता रेमिटान्सको मात्र गर्छ, तर यसका स्टेकहोल्डरलाई कानुनका दफा उपदफा, ब्यावधान र अवरोधहरुले निरुत्साहित गरेको अवस्था छ । तत्कालीन श्रममन्त्री गोकर्ण बिष्टले मलेसिया रोजगारीमा नेपाली कामदारहरुको हक हितका लागि भन्दै प्रतिबन्ध लगाए, मन्त्री बिष्टको उक्त कामलाई वाह ! क्या वात भन्ने जामात प्रशस्तै थियो । जसको प्रत्यक्ष असर आज देशलाई परेको छ ।

यसको अर्थ युवाको बैदेशिक रोजगारीको यात्रा समग्र देशको दीर्घकालीन रणनीति हुनु हुँदैन । तर, देशमा रोजगारका स्थायी आधार स्थापित नहुँदासम्म बैदेशिक रोजगारको बिकल्प पनि छैन । यदि, विगतका ती बर्षमा मलेसियाको रोजगारीमा अवरोध नभएको भए हालको विदेशी मुद्रा संचितीमा केही भरथेक अवश्य पुग्थ्यो । तर, मलेसियामा नेपाली कामदारलाई रोजगारीको प्रतिबन्ध र खाडीमा तलब स्केल र सेवा शुल्कमा तोकिएको सीमाकै कारण वा कोभिडका कारण रोजगार गुमाएर फर्किएका बेरोजगार युवाहरुको जमात गाँउघरमा कुलतमा मात्र फसेका छैनन् । फगत क्यारेम्बोर्ड, भलिबल खेलेरै उर्जाशील समयको दुरुपयोग गरिरहेका छन् ।

देशमा लगानीकर्ताले लगानी गर्नु पुर्व आफ्ना लगानीको सुरक्षा र प्रतिफल हेर्छ । तर, त्यस्ता लगानीको सुरक्षा र प्रतिफलको लागि वातावरण तयार गर्ने काममा राज्यको महत्वपुर्ण जिम्मेवारी रहन्छ । फलस्वरुप आज देशबाट पुँजी मात्र हैन, शैक्षिक जनशक्ति नै पलायन भइरहेको अवस्था छ । हालै राष्ट्रिय स्वास्थ्यकर्मी महासंघको अधिवेसनलाई सम्बोधन गर्दै पुर्व प्रधानमन्त्री केपी ओलीले नेपालमा कलेज सञ्चालन गर्न नदिएर बिद्यार्थीलाई विदेश पठाएर पैसा कमाउने धन्दा चलाएको भन्ने कुरा बोलेका छन् । तर, ओलीले आफ्नो कार्यकालमा राज्य स्तरबाट स्वदेशमा कति मेडिकल कलेज खोले । त्यसको फेरिस्तबारे भने बोलेनन् । दुर्गा प्रसाईजस्ता निजी मेडिकल माफिया स्थापित गर्न नसकेको कुण्ठा हो ।

बैदेशिक लगानी ल्याउन पनि लगानीकर्ताले त्यस देशको लगानी योग्य वातावरण र कानुनलाई हेर्ने गर्दछ । श्रम अधिकार र आवाज, कर्मचारीको कार्यसम्पादन क्षमता, राजनैतिक स्थिरता, भ्रष्ट्राचारको अवस्था, कमाएको रकम फिर्ता लैजान सक्ने वातावरणलाई समेत विश्लेषण गर्ने गर्दछन् । बैदेशिक लगानीको सुरक्षा, लगानी राष्ट्रियकरण नगर्ने सरकारको प्रतिबद्धता तथा उत्पादन लागतको अवस्था, ढुवानी तथा पारवहनको सुविधा, श्रम ज्याला, राजनैतिक हस्तक्षेपमा सरकारको ध्यान र सहयोग पुग्नु पर्दछ । लगानी वातावरण सुधार गर्न समय सापेक्ष रुपमा आर्थिक क्षेत्रका ऐन, औद्योगिक व्यावसाय ऐन, विदेशी लगानी तथा प्रविधी हस्तान्तरण ऐन, बौद्धिक सम्पती सम्बन्धि कानुनमा सुधार, लगानी कर्तालाई सुविधा प्रदान गर्नका लागी उद्योग विभाग र कम्पनी रजिष्ट्रार कार्यलयमा सहजिकरणमा सुधार, औद्योगिक उत्पादन बढाउन उर्जाको दिगो आपुर्ति अनिवार्य आधार हुन सक्छन् । बैदेशिक लागनीमा सुरक्षाको ग्यारेन्टी लगानी कर्ताको मुख्य शर्त रहन्छ ।

सँधै अस्थिर राजनीति वा अस्थिर सरकार बन्नु, कृषि उत्पादनमा आधुनिकरण/विविधिकरण नहुनु, बैदेशिक लगानी र सहयोगमा कमी आउनु, देशको अन्तर्राष्ट्रिय ब्यापारमा (आयात निर्यात) मा समानता नहुनु, लक्षित विकास बजेट खर्च गर्न नसक्नु वा फ्रिज बस्नु वा रकामान्तर गर्नुपर्ने अवस्था सिर्जना हुनु, भारतले नेपाललाई दिँदै आएको अनुदानमा कटौटी गर्नु, राजनैतिक स्वार्थ पुर्तिका लागि महंगो ब्याजदरमा बैदेशिक ऋण लिनु, कर छुटको दायरा बढाउनु, तर कर योग्य आयको क्षेत्रगत बिस्तार नहुनु, देशभित्रै रोजगारी सिर्जना नगर्ने बैदेशिक रोजगारीलाई निरुत्साहित गर्नु, बौद्धिक जनशक्तिको पलायन, बित्तिय सु-शासन नहुनु, हरेक क्षेत्रमा भ्रष्ट्राचार र बढ्दो बेरुजु, अनुत्पादक क्षेत्र भन्दै पुँजीबजार लगायत अन्य क्षेत्रमा ऋृण प्रवाह र लगानीको समय सीमा तोक्नु वा अंकुश लगाउनु, कर्मचारी तन्त्रले देश काल र परिस्थिति अनुरुप काम गर्न नचाहनु नै यो देशको आर्थिक दिवालियापनको आधारबिन्दु हो ।

वर्तमानमा देशले बल्ल बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सम्झाना गरेको छ, जब देश संकटमा पर्छ नि अन्तिम समयमा सम्झनु नै यस क्षेत्रमा लागेका सम्बद्ध ब्यक्ति वा पेशाको सम्मान हो । यद्यपी ती आम युवाहरुको सम्झना गर्दै गर्दा तिनीहरुको आत्मसम्मान हुने काम सरकारले गर्न सकेको छैन । एनआरएनलाई नेपालमै पुँजी ल्याएर लगानी गर्न प्रोत्साहित गर्ने कुनै ठोस् योजना राज्यसँग छैन ।

तसर्थ, रेमिटान्सको कमी पनि त्यसको कारक हो । महाबीर पुनलाई नचिन्ने सरकारले बिदेश पलायन भएका बौद्धिक शक्तिलाई पनि कहिल्यै चिनेन, यदि सरकारले रेमिटान्सको महत्व बुझकै हो भने यसका आधार क्षेत्रहरुलाई पनि उद्योग-ब्यावसाय सम्झिएर छुट, सहुलियत वा अन्य सुविधाको प्याकेज ल्याउनैपर्छ । त्यो भन्दा महत्वपुर्ण आधार स्वदेशमै रोजगारीको व्यवस्था गर्नु हो, विकल्प बैदेशिक रोजगारी पर्ला । तर, कानुनी असहजता यसको जटिलता यद्धपि छँदैछ । अहिले सरकारले बिप्रेषणको वकालत गर्नु भनेको मर्ने बेलामा हरियो काँक्रो जस्तै हो । तर हरेक सत्ता जब जंघार तर्छ अनि लौरो बिर्सने गर्दछ, जुन ध्रुव सत्य पनि छ ।

